काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

'स्तरीय एवम् मौलिक सङ्गीतको धार - नेपाली गीतसङ्गीतको आधार'

www.musickhabar.com

म्यूजिक खबर

Musickhabar Fortnightly Magazine

पाक्षिक

सम्पूर्ण संगीत समाचारका लागि डाउनलोड गर्नुहोस्

वर्ष ५, अंक १, २०८१ आश्विन १६ गते Oct. 02, 2024 मूल्य रु.१५/

माधुर्य स्वरकी धनी शोभा

शोभा पाण्डे उदियमान गायिका हुन् । संगीतको कर्मका हिसाबले करिब एक दशकको यात्रा तय गरिसकेकी छन् । उनी शास्त्रीय संगीतको विद्यार्थी हुन् । संगीतकै विषयमा स्नातकोत्तर समेत उत्तीर्ण गरिसकेकी छन् । प्रायजसो मेलोडियस गीतहरुमा उनको आवाज सुन्न सकिन्छ । आधुनिक सेन्टिमेन्टल गीतहरुलाई आत्मसात गरेकी गायिका सोभा पाण्डे संगीतका सुरुहरुसँग सहकार्य गर्दै आएकी छन् । ०७१ सालमा रेकर्ड भएको "यस्तो मान्छे फेला परोस् देख्नासाथै मन परोस" गजलबाट औपचारिक गीत रेकर्डको यात्रा तय गरेकी शोभाले 'घायल, शङ्का' जस्ता सोलो एल्बम बजारमा ल्याइसकेकी छन् । निरन्तर गायनको यात्रामा सक्रिय रहेकी गायिका शोभा पाण्डेले आधुनिक, चलचित्रका गीतहरुमा करिब सय गीतमा स्वर दिइसकेकी छन् । गायनबाट नै विभिन्न अवार्ड, सम्मान प्राप्त गरिसकेकी शोभा एक सशक्त आवाजकी धनी गायिका हुन् । गायिका शोभा पाण्डेको बारेमा तयार पारिएको सन्दर्भ सामग्री विस्तृत पृष्ठ ५ मा

रिलिज कर्नर

चेलीलाई "डेब्यु" गराउँदै प्रेमीले ल्याए "तिमी नै हौ सास मेरो"

म्यूजिक खबर । लोकप्रिय गायक तथा सङ्गीतकार नरहरि प्रेमी र गायिका आईस्मा मगरको स्वरमा 'तिमी नै हौ सास मेरो' बोलको म्यूजिक भिडियो सार्वजनिक भएको छ । वरिष्ठ सङ्गीत साधक नरहरि आईस्माका सङ्गीत गुरू हुन् । गुरू नरहरिकै शब्द र सङ्गीत रहेको सो गीत आईस्माको जीवनकै पहिलो गीत हो ।

लोक शैलीमा पप आधुनिक फ्यूजन गरिएको यस गीतमा आईस्माको स्वर पनि उतिकै मीठास सुनिएको छ । गीतमा सङ्गीत संयोजकको भूमिका सञ्जय हमालले निभाएका छन् । गोविन्द सोनीको मिक्सिङ र माष्टरिङ रहेको गीतमा अजय देव अधिकारीको रेकर्डिङ रहेको छ ।

सरल खालको भिडियो भएता पनि आफ्नो सम्पादन कलाले सिंगार पटार गरेर सुन्दर बनाउने कार्य गरेका छन् निर्देशक राजकुमारले । श्रुति सङ्गीत विद्यालयको प्रस्तुति रहेको यो म्युजिक भिडियो नरहरी प्रेमी युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।

सदिक्षाले ल्याइन् "आँशुको मूल्य"

म्यूजिक खबर । चर्चित गायक प्रमोद खरेलको स्वरमा 'आँशुको मूल्य' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । यसअघि नै चर्चामा आएको मलाई मारिदेउ बोलको गीतको दोस्रो भागको रूपमा यो गीत सार्वजनिक गरिएको हो । अलोन रेशमको प्रस्तुति रहेको गीत 'आँशुको मूल्य'को निर्माता भने सदिक्षा पाण्डे हुन् । अलोन रेश्माको शब्द, बिशाल निरौलाको संगीत रहेको गीतलाई प्रमोद खरेलले स्वर दिएका हुन् ।

मायाप्रेममा देखिएको बेमेललाई फिल्मी ढंगले भिडियोमा देखाउने प्रयास गरिएको छ । भिडियोलाई उत्तम श्रेष्ठ 'शिशिर'ले निर्देशन गरेका छन् । भिडियोमा बिक्रम बुढाथाकी, सदिक्षा पाण्डे, अलोन रेशम लगायतको अभिनय छ । भिडियोलाई हरि घलेको टीमले छायाँकन गरेका हुन् भने मीन रावलले सम्पादन गरेका छन् । भिडियो सदिक्षा पाण्डेको अफिसियल यूट्यूब च्यानलबाट सार्वजनिक गरिएको छ ।

सुशिलाको "तिम्रो मायाको छहारी"

म्यूजिक खबर । काठमाडौं । सुशिला बस्नेत तिमिल्सिनाको स्वरमा रहेको गीत 'तिम्रो मायाको छहारीमा' सार्वजनिक भएको छ । प्रतिमा लामिछानेको शब्द रचना, प्रभुराज ढकालको संगीत, मनोहर सुनामको एरेञ्ज र महेश्वरमान राजभण्डारीको मिक्सिङ तथा माष्टरिङ रहेको गीतको स्टुडियो छायांकनसहितको भिडियो सार्वजनिक भएको हो । गीतमा आफूले मन पराएको मान्छेको छहारीमा जिउन चाहने आशय व्यक्त गरिएको छ । आफ्नो प्यारो मान्छेको हृदयको धडकन बन्न चाह यसमा व्यक्त गरिएको छ । शब्दहरू प्रेमिल छन् भने संगीत पनि कर्णप्रिय छ ।

भिडियोमा पशुपति श्रेष्ठ/बद्री श्रेष्ठ/सुमन पी मैनालीको छायांकन एवं सम्पादन छ । सानैदेखि गीत संगीतमा लगाव राख्नुहुने सुशिला पछिल्लो समय अमेरिकाको बोस्टनमा बस्दै आउनुभएको छ । विदेशमा रहेपनि उहाँ नेपाली गीत संगीतमा सक्रिय रहँदै आउनुभएको छ । 'तिम्रो मायाको छयारीमा' गीतलाई गायिका सुशिलाकै अफिसियल युट्यूब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

रैथाने नाचको संरक्षणमा कलाकारको जोड

म्यूजिक खबर/काठमाडौं

नेपालमा अझै पनि करिब ८ सयवटा रैथाने नाचहरू रहेकाले ती नाचहरूलाई सँरक्षण गर्न कलाकारहरूले आह्वान गरेका छन् । राष्ट्रिय नृत्य संघ नेपालले आयोजना गरेको त्री दिवसीय रैथाने नृत्य कार्यशालामा कलाकारहरूले यस्तो अपिल गरेका हुन् ।

नेपालका प्रथम नृत्य निर्देशक निर्देशक भैरवबहादुर थापाले नेपालका यस्ता रैथाने नाच जोगाउन आबस्यक भएको बताए । नाचघरमा आफु नृत्य निर्देशक रहँदा देशभरका विभिन्न नाचलाई सँरक्षण गरेको बताएका छन् ।

बिहिबारदेखि सुरू सुरू भएको 'मौलिक रैथाने लोकनृत्य कार्यशाला एवं बृहत सांस्कृतिक संगोष्ठी २०८१' शनिबार बेलुका सम्पन्न भएको छ । यो प्रशिक्षणमा देशभरका ६ दर्जन भन्दा बढी कलाकारहरूले नृत्य प्रशिक्षण लिए । उनीहरूलाई नृत्य निर्देशक भैरवबहादुर थापाले प्रमाणपत्र प्रदान गरे ।

सो समारोहमा शिक्षाविध बिद्यानाथ कोईराला, आदिबासी जनजाती महासँघका अध्यक्ष रामबहादुर थापा, साँसदद्धय शान्ति मोदी, रेणु शाह, गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरूङ, थारू नृत्य विशेषज्ञ नन्दु चौधरी, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनी हार्तमछालीलगायतले रैथाने लोकनृत्य सँरक्षण गर्ने बारेमा आफ्ना भनाई राखे । यस्ता लोकनाच संरक्षणका लागि केन्द्रिय सरकारदेखि स्थानीय निकायसम्मको योगदान हुनुपर्ने उनीहरूको कथन थियो ।

राष्ट्रिय नृत्य संघ नेपालका अध्यक्ष महेश गोदारले यसरी शनिबार विभिन्न वक्ताहरूले कार्यक्रममा व्यक्त गरेको भनाईलाई प्रतिवेदनको रूपमा तयार गरेर नेपाल सरकारलाई बुझाउने सो क्रममा बताए । बिहिबारबाट काठमाडौंमा आयोजना गरेको तीन दिवसीय 'मौलिक रैथाने लोकनृत्य कार्यशाला एवं बृहत सांस्कृतिक संगोष्ठी २०८१'को सोचे भन्दा उत्कृष्ट भएको पनि उनले बताए ।

यो नृत्य प्रशिक्षणमा ६ दर्जन भन्दा बढी कलाकार हरूलाई राई समुदायको साकेला र मगर समुदायको जिवैमामा नाच सिकाईएको थियो ।

प्रहरी प्रवक्ता कार्कीको शब्दमा "दसैं रमाइलो"

म्यूजिक खबर/काठमाडौं

नेपालीहरूको ठूलो चाँड दसैंको पूर्व सन्ध्यामा नेपाल प्रहरीका प्रवक्ता डिआइजी दानबहादुर कार्कीको दसैं गीत सार्वजनिक भएको छ । कार्कीले लेखेको 'दसैं रमाइलो' बोलको गीत सार्वजनिक भएको हो ।

गीतमा चर्चित गायक राजेशपायल राई र मेलिना राईले स्वर भरेका छन् । दीपक शर्माको संगीत, श्यामस्वेत रसाइलको एरेन्ज रहेको गीतको भिडियोमा अभिनेत्रीद्धय दीपाश्री निरौला, प्रियंका कार्की र सरोज वली फिचर्ड छन् । दसैंको रौनक देखिने गीतमा तीनैजनाले टीका र जमरा लगाएर छमछमी नाचेका छन् ।

करणसिंह चासिरको छायांकन, भुपेन्द्र अधिकारीको सम्पादन रहेको गीतको भिडियो कोरियोग्राफी तथा निर्देशन जेरी भण्डारीले गरेका छन् । ' विशिष्ट सांस्कृतिक महत्व बोकेको नेपालीहरूको महान चाड हो,' गीतबारे गीतकार कार्कीले भने, 'यसले समग्र नेपालीमा उत्पन्न गर्ने हौसला र दसै मान्न नपाउनेहरूको समग्र मनस्थिती र अवस्थालाई यो गीतमार्फत झल्काउन खोजिएको छ । गीत समग्र नेपालीको भावनालाई प्रतिनिधित्व गर्ने गरी र यसको सांस्कृतिक महत्वलाई उजागर गर्नेगरी बनाइएको छ । नाच्ने खालको गीत बनेकाले यसपटकको दसैंमा दर्शक झुमेर नाच्न पनि सक्छन् ।'

गायिका अन्जु श्रेष्ठको नयाँ गीत "तिमीसंगै"

म्यूजिक खबर/काठमाडौं

गायिका अन्जु श्रेष्ठको नयाँ गीत बजारमा आएको छ । मिन गुरूङको शब्द तथा संगीत रहेको तिमीसंगै...बोलको गीत गायिका श्रेष्ठ र पदम लुहारको युगल आवाजमा भिडियो सहित सार्वजनिक भएको हो । चर्चित मोडल स्मारिका ढकाल र सुरेश कोहिलको मुख्य अभिनय रहेको तिमीसंगैको भिडियोलाई निर्देशक राजेश पुमा राईले निर्देशन गरेका हुन् । दशैको संघार पारेर बजारमा ल्याईएको यस गीतमा मुग्लानी युवक र उनकी प्रेमिका बीचको गहिरो प्रेम र वियोगलाई भावुक शैलीमा चित्रण गरिएको छ । ग्रामीण परिवेशको सजिव कथा बोकेको यस गीतको छायाँकन उत्सव दाहालले गरेका हुन् भने सम्पादन विकाश दाहालको रहेको छ ।

सार्वजनिक भएपछि सकारात्मक प्रतिकृया सहित अगाडी बढिरहेको यस गीतकी गायिका अन्जु श्रेष्ठ नेपाली साँगीतिक क्षेत्रमा एक दशक लामो समयदेखि सक्रिय गायिका हुन् । कलानिधि संगीत महाविद्यालयबाट शास्त्रीय संगीतको अध्ययन गरेर नेपाली साँगीतिक क्षेत्रमा प्रवेश गरेकी श्रेष्ठको पहिलो गीत तिजगीत 'रातो साडी'हो । आधुनिक, पप, देशभक्ती, गजल, लोक आधुनिक लगायतका विभिन्न विधाका गीतहरूमा आवाज भरेकी श्रेष्ठका केही गीतहरूमा आफ्नै शब्द तथा अभिनय समेत रहेका छन् ।

इभेन्ट बेटर ग्यालेक्सीको आयोजनामा "इबिजी छैटौं राष्ट्रिय व्यक्तित्व तथा सर्जक सम्मान"

म्यूजिक खबर/काठमाडौं

बडा दशैं २०८१ सालको शुभअवसरमा इभेन्ट बेटर ग्यालेक्सी प्रा.लि.ले काठमाडौंमा शुभकामना आदनप्रदान तथा विभिन्न विधाका व्यक्तित्वहरूलाई सम्मान प्रदान गरेको छ । दशैंको पहिलो दिन घटस्थापनाको अबसरमा इभेन्ट बेटर ग्यालेक्सीद्वारा शुभकामना आदन प्रदानसँगै विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका कलाकार, संगीतकर्मी, सञ्चारकर्मी तथा सामाजिक अभियान्तालाई 'इबिजी छैटौं राष्ट्रिय व्यक्तित्व तथा सर्जक सम्मान २०८१'बाट सम्मानित गरियो ।

चलचित्र विकाश बोर्डका अध्यक्ष दिनेश डिसी तथा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाको विशेष आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा चलचित्र क्षेत्रबाट निर्माता रौनक विक्रम कँडेल, संगीतकार दीपक शर्मा, गायिका सरिता भारती, गायिका सञ्जु न्यौपाने, सञ्चारकर्मी पारश प्रकाश नेपाल, सञ्चारकर्मी सोफिया महर्जन कार्कीलाई सम्मानित गरियो ।

सामाजिक क्षेत्रबाट व्यवसायी तथा समाजसेवी नकुल गिरी, सुरेन्द्र गिरी सम्मानित भए । यस्तै सौन्दर्य क्षेत्रबाट पूर्व मिस नेपाल युनिभर्स तथा उद्यमी मनिषा डँगोल श्रेष्ठ, नृत्य कलाकार लिजा श्रेष्ठ, कोरियोग्राफर, मोडल एवम् मेकअप आर्टिष्ट स्वस्तिका भण्डारीलाई सम्मानित गरियो । ज्योतिष क्षेत्रबाट ज्योतिष नवराज भट्ट (भट्ट गुरू) सम्मानित भए ।

सम्मानितहरूलाई दशैंको टिका लगाएर शुभकामना दिँदै बोर्ड अध्यक्ष दिनेश डिसी, कलाकार संघका मोहन अध्यक्ष निरौला, रोज व्युटी एकेडेमीकी अध्यक्ष सोनी कारञ्जित, इभेन्ट बेटर ग्यालेक्सीका अध्यक्ष धिरज तण्डुकार, गीतकार तथा सञ्चारकर्मी डब्बु क्षत्री, गीतकार सुमन पण्डित लगायतले कार्यक्रममा सम्मान प्रदान गरेका हुन् ।

लिम्बू भाषामा सचेतनामुलक म्यूजिक भिडियो 'मिघम्ब'

म्यूजिक खबर । लिम्बु भाषामा सचेतनामूलक म्यूजिक भिडियो 'मिघम्ब' सार्वजनिक भएको छ । ललितपुर सोभाहिटी स्थित किराँत याक्थुङ चुम्लुङको भवनमा विमोचन कार्यक्रम गर्दै 'मिघम्ब'लाई सार्वजनिक गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि अ.प्रा. मेजर जनरल तथा पाँचथर समाज काठमाडौका अध्यक्ष होम कुमार लावती कार्यक्रमका र विशेष अतिथि कलाकार, समाजसेवी पुर्ण सेलिङले संयुक्त रूपमा स्विच दबाएर म्यूजिक भिडियोलाई सार्बजनिक गरेका थिए । मिघम्बलाई आत्मिय जनहरूको घर, घरमा पेन ड्राइभ मार्फत समेत पुराइने कुरा कार्यक्रमका सञ्चालक यासेली योङहाङले जानकारी गराए ।

निर्माता टेक लावतिको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा लिम्बू समुदायका लब्ध प्रतिष्ठित ब्यक्तिहरूको बाक्लो उपस्थिती थियो । प्रायः अतिथिहरूले आफ्नो मन्तव्यमा यस्ता भिडियोहरू लगातार बनिरहनु पर्ने र यस्ता भिडियोहरूले हाम्रो समुदायलाई मनोरञ्जनमात्र नभई उच्च ज्ञान समेत दिने कुरा राखेका थिए ।

प्रेमहाङ्सेम लावतीको शब्द, संगीतमा तानाम तान्छो लावती र दिपा सुहाङको आवाज रहेको 'मिघम्ब'मा सङ्गित संयोजन टेकेन्द्र याक्सोले गरेका हुन । तानाम तान्छो लावती, प्रेम हाङ्सेम लावती, निशा निङ्दम आदिको अभिनय रहेको उक्त भिडियो दिनेश माङ्मुले निर्देशन गरेका हुन् भने यसमा पदम लावती र टेक लावति निर्माता रहेका छन् । पाँचथर जिल्लाको कुम्मायक, कुस्सायक, माङहिम, सुब्जानि गाउँ लगायत अत्यन्तै ऐतिहासिक र रमणीय स्थलहरूमा छायांकन गरिएको उक्त म्युजिक भिडियो तानाम तान्छो अफिसियल युट्युब च्यानलमा हेर्न सकिन्छ ।

'नजरका इशारा'मा कमलको स्वर

म्यूजिक खबर । किरण रिजालको शब्द रचनामा रहेको 'नजरका इशारा'मा स्वर कमल बिस्टको स्वर रहेको छ । गीतमा शशि विक्रम थापाको संगीत रहेको छ । गायक बिस्ट ' भ्वाइस अफ नेपाल' सिजन-२ का प्रतिस्पर्धी पनि रहेका थिए ।

गीतमा युवा-युवतीबीच अनायास उत्पन्न हुने प्रेम र त्यसले ल्याउने पीडालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । भिडियोमा एक होटेलमा काम गर्ने युवकले त्यहीँ बस्न आएकी ग्राहकलाई मन पराउँछ, तर गलतफहमीकै कारण उनी मानसिक पीडामा फस्छन् । यो भावनात्मक कथा राज पौडेल र हेना नगरकोटीको अभिनयद्वारा जीवन्त भएको छ, जसको निर्देशन नारायण मगरले गरेका छन् ।

यस भिडियोका सिनेमेटोग्राफर ज्ञानेन्द्र शर्मा हुमागाईं हुन् भने सम्पादक तथा रङ्ग संयोजक भीम विश्वकर्मा हुन् । भिडियो उत्पादन तथा वितरण रे अफ आर्ट्सले गरेको हो ।

जुन काम तिमी आज गर्न सक्दछौ त्यसलाई कहिल्यै भोलिका निम्ती नछोड । -वेन्जामिन फ्रेंकलिन

सम्पादकीय

नवौं वर्ष प्रवेशसँगै बडादशैंको शुभकामना

सङ्गीत क्षेत्रको प्रतिनिधिमूलक पाक्षिक पत्रिका हो म्यूजिक खबर । २०७३ सालबाट निरन्तर प्रकाशनमा आएको म्यूजिक क्षेत्रको पहिलो पाक्षिक पत्रिकाको रूपमा अनवरत क्रियाशील रहेको छ । म्यूजिक खबर नामबाट प्रकाशित भए पनि यस पत्रिकाले संगीतकला, चलचित्र, नाट्यकला, ललितकला, चित्रकला, सौन्दर्यकला लगायतका कला र मनोरञ्जन क्षेत्रको समाचारलाई प्रकाशनमा ल्याउँदै आएको छ । साहित्य, कलासंस्कृतिलाई मौलिकतासहित आधुनिकतामा बदल्न यस पत्रिकाले अहम् भूमिका खेलेको छ । त्यस्तै कलाकारहरूको क्षमता अभिबृद्धि गर्न पनि यो पत्रिका सेतुको रूपमा उभिएको छ । कलाकारको सिर्जनालाई बजारमा प्रचार प्रसार गर्न म्यूजिक खबरले छापा पत्रिका एवं अनलाई पत्रिकाको माध्यमले महत्वपूर्ण भूमिका खेल्दै आएको पनि नवौं वर्ष भइसकेको छ । आठौं वर्षसम्म यस क्षेत्रको आरोह अवरोहलाई आत्मसात गर्दै नवौं वर्ष प्रवेश गर्नु आफैंमा चुनौतिपूर्ण रहेको आभास भइरहेको छ ।

पछिल्लो समय पत्रकारिता फराकिलो बने पछि सामाजिक सञ्जाल र विज्ञान प्रविधिको विकाससँगै अनलाईन पत्रकारितामा व्यस्त बनेको छ । अनलाईनको बजार जसरी फस्टाएको छ त्यसको थिचोमिचोमा छापा पत्रकारिता परेको भने अवश्य नै हो । त्यसमाथि पनि सामाजिक सञ्जालको प्रभावसँगै छापा पत्रकारिता बचाउन धौ धौ परेको अवस्था छ । छापा पत्रकारिता बजारमा बिक्रीको हिसाबले पनि न्यून छ भने विज्ञापन प्रकाशनको हिसाबले पनि अस्थिरतामा अगाडि बढेको छ । यसरी आफैं अप्ठ्यारोमा परेको स्थितिमा पनि निरन्तर छापा माध्यममा अगाडी बढ्नु र त्यो पनि मनोरञ्जनको विषयलाई मात्र प्राथमिकतामा राख्न आफैंमा चुनौतिपूर्ण अवस्था छ । तैपनि हाम्रो छापा प्रकाशनको यात्रा भने नवौं वर्ष प्रवेश गरेको छ । यो खुशीको कुरा हो ।

नेपालीहरूको महान चाड बडादशैं नजिकिँदै छ। बडादशैंलाई विश्वभर छरिएर रहेका नेपालीहरूले आफ्नो महान चाडका रूपमा मनाउँदै आएका छन् । विशेषतः हिन्दु धर्मालम्वीहरूले यसलाई नवदुर्गा भवानीको पूजाआजाका साथमा सम्पन्न गर्ने गर्दै आएका छन् । भगवान र राक्षसगणको युद्धमा भगवानले विजयप्राप्त गरेको दिनलाई विजयादशमीका रूपमा टीका र आशिर्वाद ग्रहण गरेर पनि मनाउँदै आइएको भन्ने प्रचलन पनि छ । तर नवदुर्गा भवानीको शक्तिले विजयप्राप्त गरेको हुनाले यो चाडमा दुर्गामाताको आशिर्वादका रूपमा ग्रहण गर्दै बडादशैंलाई मनाउँदै आइएको छ । जे होस् बडादशैं एवं म्यूजिक खबर पाक्षिकको नवौं वर्ष प्रवेशको अवसरमा सम्पूर्ण पाठकवर्ग, समाचारदाता, विज्ञापनदाता, ग्राहकवर्ग, कला क्षेत्रका सम्पूर्ण स्रष्टा, सर्जक, प्रस्तोता, वाद्यवादक लगायतका समस्त नेपालीजनहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यहाँहरूको आगामी दिन उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

हरिप्रसाद रिमालको शतवार्षिकीमा कलाकार र पत्रकारलाई सम्मान तथा पुरस्कार

म्यूजिक खबर/काठमाडौं

रेडियो नेपालका प्रथम गायक, ख्यातिप्राप्त रंगकर्मी, अभिनेता तथा गीतकार स्व. हरिप्रसाद रिमालको शतवार्षिकीमा राष्ट्रिय नाटक महोत्सव २०८१ आयोजना गरी मनाईएको छ ।

रिमालको शतवार्षिकीको अवसर पारेर राष्ट्रिय नाचघर जमलमा पहिलोपटक 'राष्ट्रिय नाटक महोत्सव २०८१' आयोजना गरिएको थियो । नाटकको समापनको दिनमा विभिन्न विधाका विजयी तथा कला तथा पत्रकारिता क्षेत्रमा योगदान दिने व्यक्तित्वलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

स्व. रिमाल र उनकी पत्नी सञ्चारकर्मी कल्याणी रिमालको नाममा स्थापित हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत प्रतिष्ठानले आयोजना गरेको तीनदिने नाटक महोत्सवको विजयीहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

महोत्सवमा कोशी प्रदेशबाट चेतना नाट्य समूह इलामको प्रस्तुतिस्वरूप माधव भण्डारीको लेखनको नाटक 'घरजम'ले प्रथम पुरस्कार जितेको थियो । सोही नाटकबाट सुरेश पोर्तेल र अन्वेश थुलुङ राईले निर्देशक तथा भावना खपाङ्गी मगरले अभिनेत्रीको अवार्ड चुमेका छन् ।

त्यस्तै लुम्बिनी प्रदेशबाट सहभागी शैक्षिक विकृती सम्बन्धि गणेश प्रसाद पौडेलको लेखन र बिसाल कुमार केसीको निर्देशन रहेको नाटक 'निब' दोस्रो भयो । सोही नाटकबाट सोमनाथ खनालले अभिनेताको अवार्ड चुमे ।

त्यस्तै बागमती प्रदेशबाट सहभागी श्रीकृष्ण शाहीको लेखन, निर्देशन र प्रस्तुतिको सिल्भिया तेस्रो भएको छ । समारोहमा कार्यक्रमका प्रमुख अतिथि तथा सभाध्यक्ष एवम प्रतिष्ठानका अध्यक्ष वासुदेव त्रिपाठी, रिमालकी पत्नी सञ्चारकर्मी कल्याणी रिमाल, सदस्य सचिव सम्राट सापकोटालगायतले महोत्सवमा विजयी हुनेहरूलाई ट्रफी र सम्मानपत्रसहित पहिलो पुरस्कारस्वरूप एक लाख रूपियाँ, दोस्रो पुरस्कार स्वरूप ५० हजार रूपियाँ र तेस्रो पुरस्कार स्वरूप २५ हजार रूपियाँ प्रदान गरेका छन् । त्यसैगरी नाटकका उत्कृष्ट निर्देशक, अभिनेता र अभिनेत्रीलाई पुरस्कारस्वरूप जनही नगद १५ हजार रूपियाँ प्रदान गरिएको छ।

सोही अवसरमा कलाकर्मी र सञ्चारकर्मीलाई हरेक वर्ष प्रदान गरिँदै आएको सम्मान पनि प्रदान गरियो। अभिप्सा सापकोटाद्वारा सञ्चालित कार्यक्रममा वर्ष २०७९ को हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत पुरस्कारबाट गणेश रसिक, हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत बिशेष पुरस्कारबाट गायक सुदेश शर्मा, हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा सम्मानबाट पुरूषोत्तम सापकोटा र हरि प्रसाद कल्याणी बिशेष सञ्चार सेवा सम्मान पुरस्कारबाट सञ्चारकर्मी भाष्कर्राज राजकर्णिकारलाई पुरस्कृत गरियो । त्यस्तै २०८० को हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत सम्मान पुरस्कारबाट मदनदास श्रेष्ठ सम्मानित भए भने हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत बिशेष पुरस्कारबाट रंगकर्मी अनुप बराल, हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा सम्मानबाट सूर्य कुमारी पन्त, हरि प्रसाद कल्याणी बिशेष सञ्चार सेवा सम्मान पुरस्कारबाट पत्रकार अनन्त वाग्ले पुरस्कृत भए ।

हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत पुरस्कारको राशी ३१ हजार एक र अन्य पुरस्कारको राशी २१ हजार एक रूपिँया रहेको छ । समारोहमा सम्मानित व्यक्तित्वबारे पत्रकार विदुर गिरी, नाट्यकर्मी पुष्कर गुरूङ, अभिनेता तथा रंगकर्मीद्वय सम्राट सापकोटा र वीरेन्द्र हमाल तथा सञ्चारकर्मी सोमराज सुवेदीले प्रकाश पारेका थिए ।

स्व.रिमालको शतवार्षिकी महोत्सवको प्रतिस्पर्धा अन्तर्गत महोत्सवमा सुदूरपश्चिम बाहेक ६ प्रदेशका विभिन्न स्थानबाट प्रतिस्पर्धाका लागि आएका नाटकमध्ये निर्णायक समूहले चयन गरेका ६ नाटक प्रदर्शन गरिएको थियो । नाट्यकर्मी अषेश मल्ल, हरि बहादुर थापा र पुष्कर गुरूङ निर्णायक रहेको महोत्सवमा सती कलसा, निब, नाच नौवरंगी, लासको खेती र सिल्भियाले प्रतिस्पर्धा गरेका थिए । नाटकका विजेता कलाकारले निर्णायकमध्येका एक पुष्कर गुरूङको आगामी फिल्ममा अभिनयको मौका पाउनेछन् ।

समारोहमा शिखर कलाकार हरिप्रसाद रिमाल नामक पुस्तक पनि लोकार्पण गरिएको थियो । प्रतिष्ठानका उपाध्यक्ष तथा प्राध्यापक प्रयागराज भट्टराई वशिष्ठले समारोहलाई स्वागत गर्दै नेपाली नाट्य, गीत, संगीत, प्रसारण, फिल्मलगायत क्षेत्रमा रिमालको योगदानको चर्चा गर्दै उनको शतवर्षिकीको अवसरमा आयोजना गरिएको नाटक महोत्सवले विषेश महत्व राख्ने बताए ।

प्रतिष्ठानका अध्यक्ष एवं साहित्यकार प्राडा वासुदेव त्रिपाठीले रिमालको सम्झनामा उनकै कर्मथलोमध्ये एक सांस्कृतिक संस्थानमा उनैको शतवार्षिकीको अवसरमा नयाँ पुस्ताका कलाकारलाई प्रतिष्ठानले सम्मान र पुरस्कार प्रदान गर्दा प्रतिष्ठान गौरवान्वित भएको बताए । प्रतिष्ठानका सदस्य सचिव एवं अभिनेता सम्राट सापकोटाले प्रतिष्ठानले व्यक्तिगत फाईदाका लागि नभई नाट्य क्षेत्रमा नव कलाकार, लेखक निर्देशक आदी जन्माउन र सम्मानका लागि प्रतिष्ठानको लगानीमा महोत्सव आयोजना गरिएको बताए । समारोहमा निर्णायकको तर्फबाट बोल्दै नाट्यकर्मी अशेष मल्लले नाटकको प्रस्तुतिकरण, कथावस्तु आदिको आधारमा विजयी नाटक चुनिएको बताए । सम्मानितको तर्फबाट मन्तव्य राख्दै कलाकार मदनदास श्रेष्ठले रिमाल आफ्नो कर्म दिने पिता रहेको जनाउँदै उनकै नामको सम्मानबाट सम्मानित हुन पाउँदा निकै गौरव महसुस भएको बताए ।

माधुर्य स्वरकी धनी शोभा

■ म्यूजिकखबर/काठमाडौं

शोभा पाण्डे उदियमान गायिका हुन् । संगीतको कर्मका हिसाबले करिब एक दशकको यात्रा तय गरिसकेकी छन् । उनी शास्त्रीय संगीतको विद्यार्थी हुन् । संगीतकै विषयमा स्नातकोत्तर समेत उत्तीर्ण गरिसकेकी छन् । प्रायजसो मेलोडियस गीतहरुमा उनको आवाज सुन्न सकिन्छ । आधुनिक सेन्टिमेन्टल गीतहरुलाई आत्मसात गरेकी गायिका सोभा पाण्डे संगीतका सुरुहरुसँग सहकार्य गर्दै आएकी छन् ।

सानो उमेरदेखि नै गीत गाउन र सुन्न हुरुक्क हुने उनको स्वभाव थियो । रेडियोमा आउने गीतहरू लेख्ने र त्यसलाई नै रेडियोसँगसँगै गाउने उनको बानी थियो । कुनै कार्यक्रममा पुग्दा त्यहाँको अग्रजहरुको प्रस्तुति देखेर गायनमा ध्यान केन्द्रित गर्ने उनको बानी थियो । देवदह रुपन्देहीमा जन्मिएकी गायिका शोभा पाण्डेले कक्षा १ देखि १२ सम्म केरवानी उच्च माध्यमिक विद्यालयमा अध्ययन गरेकी थिइन् । स्कूल पढदा साप्ताहिक रुपमा हुने कार्यक्रममा पनि उनी गीत गाउन अघि सर्थिन् । उनको गीत सुनेपछि साथीहरू, शिक्षक, शिक्षकाहरूले प्रोत्साहन गर्ने गर्थे । त्यो नै उनको संगीतको प्रारम्भिक चरण थियो । कलेज पढ्दै गर्दा सङ्गीतप्रतिको मोह क्रमिक रुपमा अघि बढ्यो । नेपाल नेटवर्क र रेडियो देवदहमा समेत म्युजिक कार्यक्रम

उत्पादकको रूपमा रहेकी गायिका शोभा पाण्डेले गीतसंगतलाई राम्रोसँग बुझ्न पाएकी थिइन् । काठमाडौंको बसाईमा पनि उनले संगीत विद्यालयमा भोकल कक्षाहरु लिएकी थिइन् । उनले रत्नराज्यलक्ष्मी क्याम्पसबाट सङ्गीतमा स्नातक गरिसकेपछि ललितकला क्याम्पस केन्द्रीय विभाग किर्तिपुरबाट स्नातकोत्तर उत्तीर्ण गर्न सफल भइन् । अहिले सङ्गीत विषयमा एमफील पीएचडी गरिरहेकी छन् । जसको पहिलो र दोश्रो सेमेष्टर सकेर शोध प्रबन्ध लेखन कार्यमा सक्रिय रहेकी छन् । उनको जीवनको सोच गायन थियो । जसका कारण उनको कलेजको शिक्षा पनि संगीतकै बन्न पुग्यो । जीवनमा संगीतबाट आफ्नो नामलाई उच्च राख्ने सोच उनीभित्र ताजै छ । संगीतबाट नै जीविकोपार्जन चल्छ भन्नेमा उनी ढुक्क भएर लागेकी छन् ।

०७१ सालमा रेकर्ड भएको "यस्तो मान्छे फेला परोस् देख्नासाथै मन परोस" गजल उनको पहिलो गीत थियो । विन्ध्यवासिनी म्यूजिकबाट बजारमा आएको विम्व कलेक्सन एल्बममा समावेश रहेको थियो । त्यस्तै ७३ सालमा डा. कृष्णहरि बरालको शब्द, गर शुरेसको सङ्गीत र मेरो स्वरमा रहेको उनको सोलो एल्बम 'शङ्का' विन्ध्यवासिनी म्युजिकबाट बजारमा आएको थियो । सोही एल्बमले उनको सांगीतिक करिअरलाई स्थापित गरायो । बजारमा शंका एल्बमका गीतहरुले राम्रै चर्चा पनि पायो । उनी निरन्तर गीत रेकर्डमा सक्रिय रहिरहिन् । एकातिर पढाई अर्कोतिर संगीतको यात्रा तर संगीतकै अध्ययनले सहज बनाएको थियो ।

गायनकै क्रममा उनले ७७ सालमा म्युजिक नेपालबाट 'घायल' गीतिसङ्गह बजारमा आएको थियो । "घायल' एल्बम उनको गायन यात्राको क्रममा दर्बिलो खम्बा बनेर आयो । उक्त एल्बमका गीतहरुले पनि उनलाई विभिन्न मेला महोत्सव, कार्यक्रमहरुमा प्रस्तुतिका लागि स्थान दिलायो । त्यस्तै चलचित्र 'प्रेमलिला'मा 'सबको कहानी उस्तै उस्तै नहुने रहेछ' गीत समावेश भएको थियो । अहिलेसम्म उनको स्वरमा करिब ७५ भन्दा बढी गीत बजारमा आएका छन् ।

शास्त्रिय सङ्गीतको पनि अध्ययन गरेकी शोभाले सबैखाले गीतहरू गाएकी छन् । संगीतको क्षेत्रमा आफूलाई अब्बल साबित गरेकी उनले आधुनिक, लोक, भजन,

तीज गीतहरुमा स्वर खिएकी छन् । उनको स्वरको माधुर्यता, शब्दअनुसारको गायकी भावले स्रोताको मन जित्न सफल भएको छ । उनको स्वरमा रहेका आँखाको डिलसम्म, यस्तो मान्छे फेला परोस्, घायल, कालिन्चोक, ए मन भन मलाई, मैलाई माया गर्ने भए, मेरो चरित्रमा, मन मान्दैन, कोदो फल्दैन, म त माया गर्न थालें, मेहन्दी, आएँ मत संगीनी, हरदिन पूजा गर्छु म, सरर सरर, भोले शंकर, ताज महल, आमा, मनाऔं तीज लगायतका गीतहरु रहेका छन् ।

कर्ममा विश्वास गर्ने गायिका शोभा पाण्डे संगीतमा लागेपछि उनले दर्जनौं सम्मान, अवार्ड, पुरस्कार र कदरपत्रहरु पाउँदा खुशी मिलेको बताउँछिन् । आफ्नो संगीत कर्मलाई उत्कृष्ट ठानेर रेडियो देवदह, दूधौली एफएम, अख्तियार लगायतका विभिन्न संघ संस्थाहरुबाट सम्मान तथा कदर पत्र पाएकी

छन् । जिनियस म्यूजिक अवार्डमा जुरी अवार्ड गायिकाको अवार्ड पाएकी छन् भने ११ औं छायाँछवि तीज म्यूजिक अवार्डमा उत्कृष्ट गायिकाको अवार्ड प्राप्त गरेकी छन् । त्यस्तै तेस्रो म्यूजिक खबर तीज म्यूजिक अवार्डमा लगायत विभिन्न प्रतियोगितामा समेत उनले निर्णायकको भूमिका निर्वाह गरिसकेकी छन् । संगीतलाई नै जिन्दगीको आरोह अवरोहसँग समर्पित गरेकी गायिका शोभा पाण्डे अझै पनि नयाँ नयाँ सिर्जनामा नै व्यस्त छिन् । छिट्टै नै बजारमा आउन लागेको उनको नयाँ गीतको तयारीमा रहेकी उनी यतिखेर संगीतको विषयबाट पीएचडी गर्ने तयारीमा व्यस्त छन् ।

गायिका पौडेलको नेतृत्वमा गुल्मी कलाकार समाज

म्यूजिक खबर/काठमाडौं

गुल्मी कलाकार समाजको अध्यक्षमा गायिका तथा कार्यक्रम प्रस्तोता मन्जु पौडेल चयन भएकी छिन् । असोज ५ गते, शनिबार राजधानीमा सम्पन्न संस्थाको दोस्रो अधिवेशनले गायिका पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

नयाँ कार्यसमितिमा बरिष्ठ उपाध्यक्षमा बाबुराम पन्थी, प्रथम उपाध्यक्षमा रामचन्द्र चन्द, द्वितीय उपाध्यक्ष गायत्री थापा महासचिबमा कमल जि सी, सचिवमा सन्तोष लम्साल, कोषाध्यक्षमा सन्तोष के सी, सह-कोषाध्यक्षमा महेन्द्र भण्डारी चयन भएका छन् ।

त्यस्तै तुलसिंह रनपछाई प्रबक्ता रहेको कार्यसमितिको सदस्यहरूमा तिलक बस्नेत, उज्वल गिरी, रूपा घर्ती मगर, शान्ता रानी परियार, नन्दु परियार, अर्जुन कुवँर, गोबिन्द पराजुली, प्रसाद खप्तरी मगर, पुरूषोत्तम भण्डारी, ओबी रायमाझी, बिक्रम बाबु बिश्वकर्मा र नबिन परियार चुनिएका छन् ।

यसअघि गुल्मी कलाकार समाजको अध्यक्षमा गायक बमबहादुर कार्की अध्यक्ष थिए भने श्रीप्रसाद थापाले महासचिवको जिम्मेवारी सम्हालेका थिए ।

अधिवेशनबाट अध्यक्षमा चयन भएपछि गायिका पौडेले अग्रज अनुज सबैलाई आभार प्रकट गर्दै भनिन् – 'गुल्मी कलाकार एकजुट भएर हिंड्ने त छौं नैं कलाकारहरूको सुखदुःखमा समेत हाम्रो साथ रहनेछ । कलाकारितालाई सम्मुनत बनाउने र कलाकारको आत्मसम्मान सिर्जना गर्ने नै हाम्रो लक्ष्य रहेको छ ।'

गुल्मी कलाकार समाजको नयाँ कार्यसमितिले शपथग्रहण भने आगामी असोज १४ गते गुल्मी कलाकार समाजकै आयोजनामा हुने 'रामचन्द्र चन्द सांगीतिक साँझ तथा शुभकामना कार्यक्रम-२०८१'का अवसरमा कार्यसमितिले सपथग्रहण गरेको छ । मन्जु पौडेलको नेतृत्वमा भएको गुल्मी कलाकार समाजको पहिलो कार्य नै गायक रामचन्द्र चन्दको सहयोगार्थ आयोजना गरिएको सांगीतिक साँझ पहिलो महतवपूर्ण कार्य भएको छ ।

उपचार खर्च जुटाउन एकल साँझमा गुन्जिए रामचन्द्र

म्यूजिक खबर/काठमाडौं

गायक रामचन्द्र चन्दको एकल सांगीतिक साँझ सम्पन्न भएको छ । गुल्मी कलाकार समाजको आयोजनामा भएको उक्त कार्यक्रममा गायक चन्दले मनको शान्ति, तीन फुर्के डोरी, चरी रूखमा, फूल फूल्यो केशरी, सालैजो लगायतका दर्जनौं गीतहरू प्रस्तुत गरेका थिए । 'रोग बाँड्न सकिन्न, दुःख बाँड्न सकिन्छ' भन्ने नारा लाई आत्मसात गर्दै गायक चन्द एकल साँझमा प्रस्तुत भएका हुन् ।

असोज १४ गते सोमबार काठमाडौंको सांस्कृतिक संस्थानको प्रेक्षालयमा सम्पन्न भएको एकल साँझमा उनले आफ्नो उपचार खर्च जुटाउन सबैलाई पहल गरेका थिए । नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । सेवाभावको उदेश्यले हुने सांगीतिक साँझको आयोजना गरिएको कार्यक्रममा सबैतर्फबाट सहयोग उपलब्ध भएकोमा आयोजक संस्थाकी अध्यक्ष गायिका मन्जु पौडेलले बताइन् ।

गायक चन्दले गुल्मी जिल्लामा जन्मेर लोक दोहोरी गीत संगीतको क्षेत्रमा अनवरत प्रस्तुति दिँदै आएका छन् । गायक चन्दका दर्जनौं गीत अहिले पनि उत्तिकै मात्रामा चर्चामा रहेका छन् ।

कार्यक्रमलाई ग्रीनसिटी हस्पिटलले प्रस्तुत गरेको थियो भने डिसहोमबाट प्रत्यक्ष प्रसारण गरिएको थियो ।

तस्विरः बद्री थापा

युकेमा चलचित्र काँडेतार प्रदर्शन

म्यूजिक खबर । राष्ट्रिय भावले ओतप्रोत भएको चलचित्र 'काँडेतार' अहिले युकेको विभिन्न स्थानमा प्रदर्शन भइरहेको छ । चलचित्रको १४ गते सोमबार युकेको आक्सफोर्ड सिंगलटन हलमा प्रदर्शन भएको थियो । प्रदर्शनीमा दर्शकको उपस्थिति राम्रो रहेको गायिका तथा चलचित्रकी निर्माता सत्यकला राईले जानकारी गराएकी छन् ।

निर्माता राईका अनुसार चलचित्र हेर्न विभिन्न संघसंस्थाका प्रतिनिधि, कलाकार, लेखक, पत्रकारहरूको उपस्थिति थियो । शोको मुख्य आयोजक नेप्लिज लेडिज ग्रूपका जया कोयी राई, देवान राई र ट्रष्टी अफ गोर्खा पिस फाउण्डेशनका गंगाराज राई, यायोक्खा वेलाय र नेपाली कलाकार प्रस्तोता समाज बेलायत किरात राई, कल्पना राई कुञ्जु, सगरमाथा गोरखा नेप्लिज लेडिज कम्युनिटी आस्फोर्ड र सांस्कृतिक सचिव किरात राई यायोक्खालगायत रहेका थिए ।

चलचित्रको शोमा दर्शकको अनुरोधमा राईले आफ्ना चर्चित गीतसमेत सुनाएकी थिइन् । नबल खड्काले निर्देशन रहेको चलचित्रमा नबलसँगै, गौरव पहाडी, रेविका गुरूङ, प्रशान्त यादव, सुरबिना कार्की, मुरलीधर, सञ्जय खतिवडा, रोमियन लिम्बु, प्रेम सुब्बा, पर्शुराम चौधरी, पुष्प श्रेष्ठलगायतको अभिनय छ ।

गायिका पूर्णिमा लामाको शब्द, संगीत र स्वरमा "पुरानो घाउ"



म्यूजिक खबर । सानै उमेरमा आधुनिक गायनमा लोकप्रियता हासिल गरेकी गायिका पूर्णिमा लामाले यतिबेला भने आफ्नै शब्द, संगीत र स्वरमा 'पुरानो घाउ' बजारमा ल्याएकी छन् । 'पुरानो घाउ' गीतलाई गायिका लामाले आफ्नै अफिसियल यूट्यूब च्यानलबाट बजारमा ल्याएकी हुन् । गीतको संगीत संयोजन नारायण दंगालले गरेका छन् । म्यूजिक प्लस रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको गीत 'पुरानो घाउ'को भिडियोमा गायिका लामा आफैं देखिएकी छन् । भिडियोलाई शुक्र लामाको छायाँकन र निर्देशन रहेको छ भने त्रिलोक लामाले सम्पादन गरेका छन् । भाग्यले नि छल्छ, फूल भनुँ जिन्दगीलाई, मुटु जली खरानी भो, एकपल्ट भनन, तिम्रो एउटा झुठ लगायतका गीतहरू चर्चाको शिखरमा छन् । आधुनिक गायनमा चर्चाको शिखरमा रहेकी गायिका लामाले सानो उमेरमा आधुनिक गायनमा छलाङ मार्न सफल भएकी थिइन् ।

नेपाली संगीत इतिहासमा मित्रसेनको योगदान

– ;dg a}ful÷Dolhs va/

साङ्गीतिक इतिहास केलाउने हो भने मास्टर मित्रसेन त्यस्ता व्यक्ति थिए, जसले आजभन्दा एक सय वर्षअघि नेपाली गीत गाएर अत्यधिक चर्चा बटुलेका थिए। 'त्यसबेला आधुनिक र परिष्कृत सङ्गीतको विकास भइसकेको थिएन, त्यसैले मित्रसेनका गीत सबैको मुखमा झुन्डिने लोकगीतजस्ता भएका थिए । 'मित्रसेनको योगदान साँच्चै लोभलाग्दो भएको संगीतकर्मीहरू बताउने गर्छन् ।'

'मलाई खुत्रुक्कै पाऱ्यो जेठान तिम्रो बहिनीले', 'लाहुरेको रेलीमाई फेसनै राम्रो', ' धानको बाला झुल्यो हजुर देशै रमाइलो', 'किन गर्छौ तानातानी दुई दिनको छ जिन्दगानी', 'अब त जाऊँ कान्छी घर बाटो छ, उकाली-ओराली', 'नजाऊ छाडी विदेश', 'चुइँचुइँ चुइँकिने जुत्ता' जस्ता झ्याउरे लयका गीत अजर र अमर बनेका छन् । त्यतिबेलै मास्टर मित्रसेनले ग्रामोफोनमा रेकर्ड गराएका यी गीत आजसम्म पनि सदावहार छन् ।

मास्टर मित्रसेनको जन्मस्थानबारे लेखक र इतिहासकारबीच भिन्न मत हुने गरेको पाइन्छ । सन् १९९९ नोभेम्बर २० मा रू. १ को मास्टर मित्रसेन चित्र अंकित संस्मरणात्मक हुलाक टिकट प्रकाशित भयो । यसमा उल्लेख गरिएअनुसार उनको खास नाम मित्रसेन सिञ्जाली थापा मगर र जन्ममिति २९ डिसेम्बर १८९५ हो । भारतको हिमाञ्चल प्रदेशको काँगडास्थित भाग्सु छाउनी धारा खोलानेरको धर्मशालामा उनको जन्म भएको हो । नेपाल सरकारले हुलाक टिकट जारी गरेपछि भारत सरकारले पनि सन् २००१ अक्टोबर ९ मा रू. ४ को हुलाक टिकट प्रकाशनमा मात्र ल्याएन कि मित्रसेन मार्ग, मित्रसेन विद्यालयजस्ता भौतिक संरचनाको नामकरणसमेत गरेको थियो ।

बुवा मानवीरसेन थापामगर र आमा राधा थापामगरको एउटै सन्तान थिए मित्रसेन । उनी जन्मँदा बाबु फर्स्ट गोरखा राइफल्समा हवल्दार थिए । पुर्ख्यौली जन्मथलो बाग्लुङ जिल्लास्थित राखुपुल्ला (हालः पर्वत राखुखोला) हो । पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानमा गोर्खालीहरू रणकौशल र वीरतालाई अगाडि सार्दै सतलजसम्म पुगेका थिए । यो अभियानमा मित्रसेनका बाजे सुन्दर थापा मगर पनि बडाकाजी अमरसिंह थापासँग पश्चिमतिर लागेका थिए । मालकण्डामा घमासान युद्ध भयो । तर, युद्ध परिणाममुखी नभएको र सतलजपारिका राजा संसार चन्दको काँगडा किल्लामा गोर्खाली फौजलाई घेराबन्दीमा राखेर अतन्तः २४ अगस्ट १८०९ मा युद्ध सन्धिमा टुङ्गियो । स्थानीयवासीका अनुसार यही युद्धमा गएका केही गोर्खाली काँगडा किल्लाभन्दा माथिल्लो थुम्कामा रहेको धर्मशालामा गएर बसेका थिए । अहिले पनि धर्मशाला नजिक 'थापा गाउँ' रहेको छ । त्यसबखत मास्टर मित्रसेनका बाजे सुन्दर थापा मगर लगायत गोर्खाली जवान पनि त्यतै बसेको भनाइ छ । मित्रसेनको सन् १९११ मा आठ कक्षा पढ्दापढ्दै कलावती थापासँग बिहे भयो । बिहे भएको केही महिनापछि नै ' गोर्खा राइफल्स'मा उनी जागिरे भए । सन् १९१४ को प्रथम विश्वयुद्धमा फ्रान्सको तर्फबाट उनी मेसोपोटामियामा टर्कीको फौजविरूद्ध युद्धमा लडे । सन् १९२० मा भारत फर्केपछि २५ वर्षको उमेरमा उनले सैनिक सेवाबाट राजीनामा दिए ।

काम नभएपछि सन् १९२१ मा साथी श्रीरङ्ग शर्माको सल्लाह र साझेदारीमा आफ्नै पल्टनमा उनले क्यान्टिन खोले । जीविकोपार्जनका लागि यो काममा लागिरहेको बेला सन् १९२२ मा मित्रसेनले ठूलो पीडा खेप्नुपऱ्यो । तीनजना छोराछोरी (काकु, लुरी र काला) को हैजाबाट मृत्यु भयो । वर्ष दिनपछि श्रीमती कलावतीको पनि मृत्यु भयो । परिवार बितेको दुःख र पीडाले विरक्तिएका मित्रसेनले क्यान्टिन चलाउन सकेनन् । अनि समाजमा जागरण ल्याउने उद्देश्यले गीत, सङ्गीत र गायनको साधनातिर उनी लागे ।

प्रथम विश्वयुद्धका लडाकू मास्टर मित्रसेन

परिवार गुमाएपछि गायक बनेका थिए

धर्तीमा टेकेपछि माटोको टीका लगाउँथे

मास्टर मित्रसेनले जति बेला एउटा फूलको कोपिलाझैं स्वच्छ जीवन बाँच्न चाहे, त्यतिखेर उनको घरसंसारमा आगो लाग्न आँटेको थियो । उनी सेनाजस्तो कठोर जीवन छाडेर नौनीघ्यूजस्तो जिन्दगी बिताउन घरमा आउँदा त्यहाँ एउटा राक्षसी नियति पस्नपस्न आँटेको थियो । एउटा सुन्दर र शान्त पारिवारिक जीवन धान्न अनेक कसरत गरी सेनाबाट छुट्टिएर स्वर्ग जस्तो घर आउँदा त्यहाँ एक्कै चोटि उनको जीवन इँटाभट्टीको भतभत पोल्ने रापमा पसेसरि हुन आँटेको थियो । कुरा के हो भने - उनी सेनाबाट फर्केको चार वर्ष बित्तानबित्तै उनकी श्रीमती र तीनजना सन्तानलाई हैजाले लग्यो । त्यस क्रूर, पापी र अन्यायी घटनाले उनी रित्तो भए, उनी एक्लो भए र उनी परिवारविहीन भए । त्यतिबेला उनी धुरूधुरू रोए । त्यो अकल्पनीय घटनाले उनी आफ्नी बूढी आमा राधा थापाको काखमा टाउको राखेर डाँको छाडेर रून्थे ।

आमाछोरा मात्रको संसारले मित्रसेनको घर उज्यालो हुन सकेन । त्यस घडी घरमा आमा र छोरा मात्र धुम्धुम्ती बस्ने गर्थे । मित्रसेनले बैरागी जीवन भोगिरहेको बेहोरा उनका परिचितहरूका आँखाबाट पनि लुक्न सकेन । त्यसैले उनकी आमा र आफन्तहरूको ढिपी र करबलले मित्रसेनले फेरि ३० वर्षको उमेरमा बिहे गरे । त्यतिखेर उनकी पत्नी लाजवन्ती बीस वर्षकी थिइन् ।

बिहे भएको दुई वर्षमा मित्रसेन र लाजवन्तीबाट एउटा छोरो जन्म्यो, उसको नाउँ दिग्विजयसेन थापा राखियो । छोरो जन्मेको केही वर्षपछि थापा फेरि गायन भ्रमणमा लागे । भ्रमणदलमा उनकी आमा, श्रीमती र छोरा हुन्थे । उनीहरू जहाँ गए पनि छुट्टिदैनथे । धेरै दिन, धेरै महिना र धेरै वर्ष गीत गाउँदै उनीहरू चारचौरास हिँडे । अन्ततः मित्रसेनको टोली नेपाली गीत गाएर आफ्नै घर हिमाञ्चल प्रदेशमा नै फर्क्यो ।

घरमा पुगेपछि मित्रसेन फेरि तीन छक्क परे । किनभने त्यतिखेरसम्ममा उनको घरको छाना पनि झरामझ्रुरूम भइसकेको थियो । वास्तवमा गीतको सुरमा उनले आफ्नो घरबारी नै बिर्सेका थिए । मित्रसेन आफ्नो घर नै लथालिङ्ग भएको देखेर झनै दुखित भए । तर पनि छयासी वर्षीय बूढी आमा, चालीस वर्षीय तरूनी स्वास्नी र बीस वर्षीय जवान छोराको प्राण धान्नका लागि उनी दूध र सिध्रा बेच्न थाले । त्यो काम थालेको पन्ध्र दिन लाग्न नपाउँदै उनी स्वर्गीय भए ।

मित्रसेन साहित्य र सङ्गीतलाई एउटा संस्थागत स्वरूप दिएर जनसहभागिता जुटाउन पनि क्रियाशील थिए । परिणामस्वरूप उनकै नेतृत्वमा 'हिमालयन थियट्रिकल कम्पनी'को पनि स्थापना भयो । त्यस संस्थामा उनीद्वारा लिखित र निर्देशित धेरै नाटकहरू पनि प्ररदर्शन भए । यसै कम्पनी मार्फत उनले अनगिन्ती नेपाली गीतहरू पनि गाए । त्यसै बेलाको ख्याति पनि जोडिएर सबैले उनलाई मास्टर भन्न थाले । केही वर्षसम्म गीतसङ्गीतमा क्रियाशील भएपछि उनी नेपालीहरू भएका भारतका अन्य ठाउँमा पनि गए ।

मित्रसेनले जुन दिन नेपाली माटोमा आफ्नो पाइला टेके त्यस दिन उनले सर्वप्रथम आफ्नो पितृभूमिको माटो टिपेर निधारमा टीका लगाए । मित्रसेन झर्रो नेपाली बोल्थे, त्यस्तै गाउँथे र त्यस्तै लाउँथे । उनी साँच्चै पर्वतकै लाहुरेजस्तै थिए । नेपालमा आएर पनि उनी सांस्कृतिक मञ्चनमा लागे । उनले नाटक, गीत र सङ्गीतबाट नेपालीहरूलाई आफ्नै भावनामा बेर्न थाले । नेपालमा उनका प्रशंसकको त्यत्तिकै ताँती लाग्न थाल्यो ।

नेपाली साहित्याकाशका त्रिमूर्ति अर्थात् कविशिरोमणि लेखनाथ पौडयाल, नाट्यसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि मित्रसेनको साहित्य र सङ्गीतबाट आल्हादित भएका थिए । मित्रसेनले नेपाली भेष, नेपाली भूषा र नेपाली भाषामा आफूलाई पूर्ण रूपमा समाहित गराए । नेपाल पसेदेखि उनले सधैं दौरासुरूवाल र बिर्के टोपी मात्र लगाए । त्यसपछि भारत पस्ता पनि यही पोसाकमै उनको औपचारिक यात्रा प्रारम्भ हुन्थ्यो । उनको नेपालप्रतिको झुकाव देखेर हिमाञ्चल प्रदेशका बासिन्दा छक्क पर्थे । त्यहाँस्थित नेपाली टोपीहरू मित्रसेनबाट गदगद हुन्थे ।

सन् १९३४ मा जातीय जागरण र लोकभाका गीतका पोका बोकेर भारतको बङ्गाल, आसाम र नेपालको पाल्पा हुँदै उनी काठमाडौं आइपुगे । बहादुरसिंह बरालगायतका समूह लिएर आएको हुनाले त्यसताका 'बराल मण्डली' भन्ने गरिन्थ्यो । काठमाडौंमा पशुपतिनाथको दर्शनपश्चात् प्रधानमन्त्री जुद्ध शमशेरलाई खुसी पारी ६/७ महिना काठमाडौंमै बसेर आफ्नो समूहको गायन, नाटक प्रदर्शन गर्ने अवसर पाए ।

काठमाडौं बसाइमा मास्टर रत्नदासप्रकाशसँग मास्टर मित्रसेन र बहादुरसिंह बरालको भेट भएको कुरा इतिहासमा उल्लेख छ । त्यसपछि ' अब त जाऊँ कान्छी घर', 'नौतल्ले बाउन्न ढोका' आदि गीतका डिस्क रेकर्ड गर्ने निधो गरेर उनी भारत फर्के । उनले सन् १९३६ मा तयार गरेका 'बालभक्त ध्रुव' लाई पहिलो नेपाली रेडियो नाटक मानिन्छ ।

मास्टर मित्रसेनको हालसम्ममा फेलापरेका कृतिमा ११ वटा खण्डकाव्य, ९७ वटा गीतमध्ये ३२ वटा ग्रामोफोन रेकर्ड भएका गीत, १४ वटा नेपाली, हिन्दी र उर्दूमिश्रित भाषाका नाटक, पाँचवटा डिस्क रेकर्ड भएका नेपाली नाटक छन् । सन् १९३७ मा सिलाङबाट प्रकाशित भएको ' गोर्खा सेवक' पत्रिकामा पाँचवटा कथा, छ वटा निबन्धलगायत अन्य केही लामो लेख प्रकाशित छन् भने नेपालबाट प्रकाशित 'शारदा' पत्रिकामा समेत दुईवटा कविता प्रकाशित भएको पाइन्छ ।

उनका अप्रकाशित दर्जनौं कृति निवासस्थान 'मित्र झुप्रो' मा धमिराले नष्ट गरेको अवस्थामा फेलापरेका थिए । सन् १९४४ सेप्टेम्बरमा बराल मण्डलीसहित मित्रसेन अन्तिमपटक आमा, पत्नी र छोरासाथ पाल्पा आए । जुनबेला मित्रसेन रिडीको कालीगण्डकीमा सपरिवार स्नान गरी भारतको नौतनवा फर्किने कार्यक्रम थियो । तर एक्कासि बिरामी परेको कारण फर्किन सकेनन् । नेपालबाट फर्किने बेलामा मित्रसेनको स्वस्थ्य प्रतिकूल बन्दै गयो । सन् १९४६ मार्चमा उनी धर्मशाला फर्के । २००२ सालमा नेपाली गीतसङ्गीतका एउटा वरिष्ठ संवाहक मास्टर मित्रसेन थापालाई हामीले गुमायौं ।

स्रोतः मित्रसेन सम्बन्धी विभिन्न प्रकाशन तथा सामाजिक सञ्जाल ।

'आयो टप्प टिप्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो'

हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं.१९९९ माघ १७ गते

स्वर्गारोहण
वि.सं.२०८१ असोज १० गते

स्व. कृष्ण कुमारी रायमाझी

हाम्रा सल्लाहकार एवम् अभिभावकद्वय प्रतिष्ठित गायक, सङ्गीतकार, निर्देशक नारायण रायमाझी र प्रतिष्ठित गायक, सर्जक प्राज्ञ दुर्गा रायमाझीकी ममतामयी आमा कृष्ण कुमारी रायमाझीको ८२ वर्षको उमेरमा असामयिक निधन हुन गएकोले हामीलाई मर्माहत बनाएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुमन पण्डित
अध्यक्ष

सबिता पोखरेल
प्रकाशक/सम्पादक

'स्तरीय एवम् मौलिक सङ्गीतको धार- नेपाली गीत सङ्गीतको आधार'
Music Khabar
म्यूजिक खबर.com परिवार

मितिः २०८१।०६।१६ गते

दीप गुरूङको निर्देशनमा चलचित्र "जूनकिरी"को धमाधम छायाँकन

म्यूजिक खबर/काठमाडौं

गुरूङ समुदायको घाँटुको कथामाथि निर्माण हुन लागेको फिल्म 'जूनकिरी' को छायाँकन धमाधम भइरहेको छ । दीप फिल्म्स् प्रोडक्सन ग्रुपले निर्माण गर्न लागेको फिल्म असोज १५ गतेबाट छायांकनमा आएको हो । दशैं अगाडि काठमाडौंमा छायाँकन रहने यो चलचित्रले गोरखाको क्होला आरूबोटमा पुगेर घाटुको बारेमा छायाँकन गर्नेछ । त्यस्तै गोरखाको भच्चेक, सिरानडाँडा, निम्की, सिरानचोक लगायतका रमणीय स्थानमा छायाँकन गर्नेछ ।

फिल्ममा अभिनेता सुरज तमु र अभिनेत्री लक्ष्मी गुरूङ मुख्य भूमिकामा रहका छन् । सुरजले 'ऊनको स्वीटर, गोरखा वारियर, एन्जिला, सारङ्गा, नैना' लगायतका फिल्ममा अभिनय गरिसकेका छन् । एक दशकदेखि रङ्गकर्ममा सक्रिय सुरजले 'स्कुल, चालिसे भीर' लगायतका नाटक निर्देशन तथा २ दर्जन नाटकमा अभिनय गरिसकेका छन् । लक्ष्मीको यो दोस्रो फिल्म हो । यसअघि 'नैना' फिल्ममा उनले मुख्य भूमिकामा अभिनय गरेकी थिइन् भने थुप्रै म्युजिक भिडियोमा काम गरिसकेकी छन् ।

फिल्ममा सुरज र लक्ष्मीसहित माओत्से गुरूङ, अनिल सुब्बा, कविता आले, सुमन बैरागी, प्रतीना राई, प्रविन मगर, सुस्मिता गुरूङ, माया गुरूङ, समर्पण श्री र सौजन सेन्ह्याङ लगायतको पनि अभिनय रहनेछ । निर्देशक दीप गुरूङको यो दोस्रो फिल्म हो । उनले यसअघि फिल्म 'नैना' निर्देशन गरेका थिए । उनले दर्जनौं म्युजिक भिडिओ निर्देशन गरिसकेका छन् । फिल्म काठमाडौंमा संघर्ष गरिरहेको फोटो पत्रकाररको यात्रा र अनुभूतिको कथामा केन्द्रित रहनेछ । गुरूङहरूमाथि पहिल्यैदेखि नाच्दै आएको घाँटुको फोटो खिच्न जाँदा घट्ने घटना र भेटिने सम्बन्धहरूले कथालाई रोचक बनाउने विश्वास निर्माण टिमले लिएको छ ।

'एउटा अन्धकार रातमा जूनकिरीले उज्यालोसंग संघर्ष गरेझैं अहिलेको समयमा घाटुले पनि यस्तै संघर्ष गरिरहेको छ'। त्यसकारण पनि हामीलाई यो कथा भन्न आवश्यक लाग्यो,' कलाकार तमु भन्छन् । गुरूङ भाषामा घाँटु भनेको घाउ सिलाउनु हो । फिल्ममा भरत राई र सुरज तमुको कथा तथा केर कोइँच लिनुचको पटकथा छ । फिल्ममा कलाकार अनिल सुब्बा एक्टिङ निर्देशकका रूपमा छन् । फिल्ममा योगेश दाहालको छायाँकन रहेको छ ।

मंसिर ७ मा "सारङ्ग"

म्यूजिक खबर/काठमाडौं

बाल मनोबिज्ञान,बालअधिकार तथा धनी र गरिब परिवारबीचको खाड्लको बिषयमा निर्माण गरिएको फिल्म 'सारंग' को फर्स्टलुक पोस्टर बिहीबार सार्वजनीक गरिएको छ । कोरियोग्राफरको रूपमा समेत परिचीत प्रशान्त तामाङको डेब्यु निर्देशन रहेको फिल्मको फर्स्टलुकसँगै प्रदर्शन मिति पनि तोकिएको छ । फिल्म ०७ मंसिरबाट देशब्यापी प्रदर्शनमा आउने छ । पोस्टरमा अभिनेत्री ऋचा शर्मा,उत्पल झा,बालकलाकार सम्राट थापा र आदित्य कार्कीलाई प्रस्तुत गरिएको छ । निर्देशक तामाङ स्वयम्को लेखन रहेको फिल्मलाई टि फल्क फिल्मस्ले बितरण गर्ने छ । फिल्ममा समीर मणि दीक्षित,सुरज तमु,मणि के राई,अनिषा न्यौपाने,निरज ब्ल्याक,दीपीका थापा,सुमन सागर जंग केसी,बिश्व स्याङ्वो, प्रभातजंगलगायतको समेत अभिनय रहेको छ ।

दर्शन बुद्ध फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मको डिओपी गोपाल राय हुन भने सम्पादन मित्र ध्वज गुरूङले गरेका छन् । फिल्मका गीत डिपी खनालले लेखेका हुन्,संगीत शंकर थापा 'स्माइल' को छ । फिल्मले सबै वर्गका दर्शकमाझ बेग्लै छाप छोड्ने बिश्वास निर्देशक तामाङको छ ।

सामाजिक विषयवस्तुमा निर्मित चलचित्र "झिल्को"को फस्ट लुक

म्यूजिक खबर/काठमाडौं

'झोला' फेम्ड निर्देशक यादवकुमार भट्टराईको निर्देशनमा बनेको चलचित्र 'झिल्को द स्पार्क' को फस्ट लुक सार्वजनिक भएको छ । निर्देशक भट्टराईले आगामी पुस ५ गतेदेखि देशभर प्रदर्शन हुने बताउँदै फिल्मको पहिलो पोस्टर सार्वजनिक गरेका बताए ।

पोस्टरमा सुनिल पोखरेल, वर्षा सिवाकोटी, भोलाराज सापकोटा, विशाल पोखरेल र आयुषी ढकाल देखिएका छन् । मोबाइल दुर्व्यसनका कारण बालबालिकामा देखिने समस्या र त्यसले परिवार र समाजलाई पार्ने प्रभावबारे फिल्म बनेको संकेत पोस्टरले गरेको छ । पोस्टर डिजाइन आइडियलले गरेको हो ।

'झिल्को' को फस्ट लुक सार्वजनिक गर्दै निर्देशक भट्टराईले जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'चलचित्र झोला र भोर पछिको हाम्रो तेस्रो चलचित्र 'झिल्को द स्पार्क' आगामी पुस ५ गतेबाट देशभरि प्रदर्शन हुँदैछ । चलचित्र झिल्को आजको कथा हो । आजको समाज डिजिटल समाजका रूपमा निर्माण भैसकेको छ । डिजिटल युगमा प्रवेश गरिरहेका र बाँचिरहेका हामीहरूले के विवेकपूर्ण व्यवहार गरेका छौँरू ग्याजेटहरूलाई प्रयोग गरिरहँदा हाम्रो अवस्था के छरू आज बालबालिकादेखि युवापुस्ता र ज्येष्ठ नागरिकसम्म सबैलाई गम्भीर रूपमा गाँजेको र ठूलो समस्याका रूपमा विकास हुँदै गएको दुर्व्यसनी डिजिटल दुर्व्यसनी हो ।

यही संवेदनशील विषय झिल्कोको कथा हो । आजको दिनमा सबैभन्दा ठूलो कुलत मोबाइल ग्याजेट हुन, जसको कुलतमा फसेर एउटा परिवारले कति संघर्ष गर्नुपर्छ भन्ने सामाजिक व्यवसायिक चलचित्र बनाउने प्रयास हामीले गरेका छौं । प्रविधि हाम्रो युगको सबैभन्दा महानतम् आविष्कार हो । तर यो आगो जस्तै हो । प्रयोग गर्न जाने चुल्हो बल्छ, नजाने डढेलो जसरी सल्किएर सबै तहसनहस पार्नसक्छ । फिल्ममा हामीले यही भन्ने प्रयास गरेका छौं । 'झिल्को' को पटकथा तथा संवाद निर्देशक भट्टराईसहित अरूणदेव जोशी र देवव्रतले तयार पारेका हुन् । फिल्ममा दीपक बज्राचार्यको छायाँकन तथा चण्डीप्रसाद काफ्ले दीपक शर्माको संगीत रहेको छ । निमेश श्रेष्ठले सम्पादन गरेको फिल्मका निर्माता सुशीला आचार्य र राम गोपाल थापा हुन् भने कार्यकारी निर्माता उमेश पौडेल रहेका छन् ।

जनता प्रशारण तथा प्रकाशन प्रालिको निर्माण सहयोग रहेको फिल्मको मुख्य सहायक निर्देशन आकाश उखेडा र सहायक निर्देशक अनिश बुढाथोकीले गरेका हुन् । फिल्ममा आनन्द अधिकारीको गीत र शिव परियार तथा निशा देशारको स्वर रहेको छ ।

दिलिप पन्त निर्माण नियन्त्रक, सहसम्पादन नारायण गैरे, मुख्य सहायक छायांकन विवेक लामा रहेका छन् । फिल्मको नेपाल वितरक डीसीएन र अमेरिका तथा क्यानडा वितरणको जिम्मा इपिक इन्टरटेन्मेन्टलाई दिइएको निर्माण टिमले जनाएको छ ।

निर्देशक स्टन्डर सामले सुरू गरे 'बलिदान'को एक्सन दृश्यको छायांकन

म्यूजिक खबर/इटहरी

नेपाली चलचित्र 'बलिदान'का एक्सन दृश्यहरूको छायांन सुरू भएको छ । चलचित्रका एक्सन दृश्यहरू दक्षिण भारतका चर्चित एक्सन निर्देशक स्टन्डर सामको नेतृत्वमा करिब ३० जनाको टिमले तयार पारिरहेको छ । सामले राणा दगुबत्तीको चर्चित चलचित्र 'हात्ती मेरे साथी' र हालै रिलिज भएको चियान विक्रमको 'थङ्गलम' जस्ता सफल चलचित्रहरूमा एक्सन निर्देशन गरिसकेका छन् ।

यो चलचित्रको छायांकन केही दिनदेखि नेपालका पूर्वी क्षेत्र इटहरी लगायतका स्थानहरूमा भइरहेको छ । चलचित्रका निर्देशक सन्तोष सेनका अनुसार, अत्याधुनिक प्रविधिको प्रयोग गर्दै एक्सन दृश्यहरू छायांकन भइरहेका छन् । समीर भट्ट लगायतका कलाकारहरूका दृश्यहरू अहिले छायांकन भइरहेको छ । मुख्य भूमिकामा समीर भट्टसहित सौगात मल्ल, अर्पण थापा, दिव्य देव र अभिनेत्री ऋचा शर्माको पनि अभिनय रहनेछ ।

चलचित्रको कथा नेपालको सार्वभौम भूमिमा भइरहेका शोषण, अन्याय, र समाजका तथाकथित नाइकेहरूको विरूद्ध बलिदान दिनुपर्ने कथामा आधारित छ । निर्देशक सेनका अनुसार, 'बलिदान'लाई प्राविधिक पक्षमा पनि उच्चस्तरीय बनाउन मुम्बईबाट लाइट, साउन्ड, क्यामेरा लगायतका प्राविधिक सामग्रीहरू आयात गरिएको छ । सेनले भने, "कथामा नेपाली चलचित्रले धेरै प्रगति गरिसकेको छ । अब प्राविधिक रूपमा पनि अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा खरो उत्रिन सक्ने चलचित्र बनाउन हामी विशेष ध्यान दिएका छौं ।" 'आसुसेन फिल्म्स प्रा.ली.' र सन्तोष सेनको प्रस्तुति रहने यो चलचित्रमा पवन ब्राडफोर्ड बिस्ट निर्माताका रूपमा छन् भने प्रेम पुरी सह-निर्माताको भूमिकामा रहेका छन् ।

चलचित्र "एक्लो"को सेटलाई बाढीले क्षति पुऱ्याएपछि लाखौंको घाटा

म्यूजिक खबर/काठमाडौं

चलचित्र 'एक्लो' को अपर मुस्ताङमा बनेको सेटलाई बाढीले क्षति पुर्याएको छ । गत महिना काठमाडौंमा शुभ मुहर्त गरेर ललितपुरको च्यासलमा केही दृश्य छायांकन गरेर निर्माण टिम छायांकनको लागि मुस्ताङ पुगेको थियो । साइन्स फिक्सनमा आधारित रहेर निर्माण भइरहेको चलचित्रका लागि निर्माण पक्षले अपर मुस्ताङमा करिब ४० लाखको सेट तयार गरेर छायांकन सुरू गरेको थियो । बाढीले सम्पूर्ण सेटमा क्षति पुर्याएको कार्यकारी निर्माता विनोद सुवेदी क्षितिजले बताए । बाढीले सेट बगाउँदा निर्माण टिमलाई ठुलो आर्थिक घाटा भएको सुबेदीले बताए ।

प्रदीप शाहीको निर्देशनमा निर्माण भई रहेको चलचित्रलाई बाबु श्रेष्ठले छायांकन गरिरहेका छन् । चलचित्रमा हलिउड कलाकार जेमी बेकम, प्रदीप खड्का, बेनिसा हमाल, विजय लामा, सुनील थापा, दिया पुन, दिनेश डीसी, सुरज सिंह ठकुरी,एभन राज उप्रेती,कविता नेपाली, त्रुचु राई, कृष्णभक्त महर्जन, विकास अधिकरी, दिग्गज खत्री, विनोदकुमार सुवेदी क्षितिज, श्रीशेष श्रेष्ठ र बाल कलाकार जेभिन श्रेष्ठ र स्योन सविक सिङलगायत बेलायती अभिनेता जेमी बेकनको अभिनय रहनेछ ।

चलचित्र 'एक्लो' का निर्माता राजु कुमार गुरूङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, संगीता वादी श्रेष्ठ, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन हुन् । बाबु श्रेष्ठको छायांकन रहने यस चलचित्रमा राजु तामाङको द्वन्द्व निर्देशन, सेट डिजाइनरमा राजु पेन्टर, कला निर्देशनमा सन्तोष लामा तथा प्रोडक्सन डिजाइनरमा प्रेम खड्का र सुवराज कार्की रहेका छन् ।

छिट्टै रिलिजको तयारीमा चलचित्र "अञ्जिला"

म्यूजिक खबर/काठमाडौं

नेपाली चलचित्र 'अञ्जिला'का लागि अभिनेता दयाहाङ राईको स्वराङ्कन (डबिङ) सम्पन्न भएको छ । चलचित्र नेपालमा आगामी फागुन २९ गते रिलिज हुँदैछ । व्यस्त समय तालिकाबीच अभिनेता राईले चलचित्रको डबिङ कार्य सम्पन्न गरेका हुन् ।

चलचित्र 'अञ्जिला' महिला राष्ट्रिय फुटबल टिमकी गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित छ । चलचित्रलाई निर्देशक मिलन चाम्सले निर्देशन गरेका छन् । चाम्सका अनुसार चलचित्रको लगभग सबै काम पूरा भइसकेको छ र छिट्टै पत्रकार सम्मेलन मार्फत अन्तर्राष्ट्रिय रिलिजबारे घोषणा गरिनेछ ।

चलचित्रमा प्रमुख भूमिकामा एञ्जिला तुम्बापो सुब्बा आफैं देखिनेछिन् । साथै, दयाहाङ राई, सिर्जना सुब्बा, माओत्से गुरूङ, बुद्धि तामाङ लगायतका कलाकार हरूको पनि अभिनय रहेको छ । निर्माता प्रेम कुमार श्रेष्ठले पनि चलचित्रमा प्रमुख भूमिका निभाएका छन् ।

चलचित्रको छायांकन एञ्जिलाको जन्मथलो इलामको आइतबारे, झापा र काठमाडौंमा गरिएको हो ।

चलचित्रमा एञ्जिलाको बाल्यकालदेखि खेल जीवनसम्मको सङ्घर्ष र सफलताको कथा देखाइनेछ । निर्देशक चाम्सका अनुसार यस चलचित्रले इच्छाशक्ति भए असम्भव केही छैन भन्ने सन्देश दिने प्रयास गरेको छ । उनका अनुसार यो चलचित्र एञ्जिलाको पूर्ण बायोपिक भने होइन, तर उनको जीवनका विभिन्न घटनाहरूमाथि आधारित भने छ ।

चलचित्रको छायांकन सुदीप बरालले गरेका हुन् भने सम्पादन मिलन श्रेष्ठले गरेका छन् । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा प्रेम श्रेष्ठले निर्माण गरेको यो चलचित्रमा टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया सह-निर्माता छन् । विनोद सुवेदी खत्रीले चलचित्रको निर्माण नियन्त्रकको भूमिका निभाएका छन् ।

बर्गीकृत विज्ञापन

रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोनः ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोनः९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोनः ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोनः ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोनः ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोनः ०१-४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोनः ०१-४२६८६१४

एरेन्जर

- सुदीप सागर, फोनः ९८५११८८२३७
- दीपकराज विश्वकर्मा, फोनः९८६५०४२६८७
- आशिष अबिरल, फोनः९८५१२५६६६६
- विपिन आचार्य, फोनः९८४१८७९१०५

दोहोरी साँझ

- गाउँले रोधीघर
मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
मित्रनगर, नयाँबसपार्क

भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
अनामनगर, काठमाडौं । फोनः९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
फोनः ४१०२६८४/९८५१११२६४९
- नारयणी नृत्य केन्द्र, रेडन सामाखुशी
फोनः ९८४५३०३२२०

संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
फोनः ४४४०२२८/४४४०१६८

बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

सिलगढी साहित्य समाजको उद्घाटन

म्यूजिक खबर/सिलगढी भारत

देवकोटा संघ, सिलगढीमा एका कार्यक्रम आयोजना गरी "सिलगढी साहित्य समाज"को विधिवत उद्घाटन भयो । सिक्किम साहित्य परिषदका अध्यक्ष साहित्यकार हरि ढुङ्गेल प्रमुख आतिथ्यतामा विशिस्ट अतिथिहरू भारतको राष्ट्रियगान (बंदे मातरम)का सर्जक वकिमचन्द चटोपाध्यायका पाँचौ पुस्ताका कवि कोलकाताका जयदीप चटोपाध्याय, साहित्यिक पत्रकार संघका अध्यक्ष एवं अनेसासका पूर्व अध्यक्ष साहित्यकार राधेश्याम लेकाली, साहित्यकार डा. वन्दना गुप्ता, प्राज्ञ कवि सुभद्रा भट्टराई तथा सिलगढी साहित्य समाजका अध्यक्ष सुब्रत दत्तले सामूहिक रूपमा उद्घाटन गरेका थिए ।

पुस्तक लोकार्पण, बहुभाषिक कवि गोष्ठी तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको सोही कार्यक्रममा समाजको कार्यसमिति र सल्लाहकार समितिको घोषणा पनि गरिएको थियो ।

समाजको कार्यसमितिमा अध्यक्ष सुब्रत दत्त, कार्यकारी अध्यक्ष लतिका जोशी, उपाध्यक्षद्वय डा. गौरी चौधरी र डा. वन्दना गुप्ता, महासचिवद्वय उषा नन्दी र सोमित्र कुण्डु, सचिव इन्द्रजीत कौर र कोषाध्यक्ष नन्दिता भौमिक रहेका थिए ।

यसैगरी कार्यसमितिको सदस्यहरू लीला क्षत्री, शिखा रोय, सोमा चौधरी, दीपा कर, पल्लवी पल र प्रसान्त पण्डित रहेका थिए । यसैगरी सल्लाहकार समितिका सदस्यहरूमा डा. टी के चटर्जी, राधेश्याम लेकाली (नेपाल), कवि जयदीप चटोपाध्याय (कोलकाता), आशा मुखिया (खरसाङ), डा. तपती हाल्दार, ललिता क्षेत्री र रहेका थिए ।

संस्थाकी कार्यकारी अध्यक्ष लतिका जोशीले स्वागत मन्तव्य राखेका थिए । सो पहिलोचरणको सो कार्यक्रममा साहित्यकार राधेश्याम लेकाली, अध्यक्ष

सुब्रत दत्तले विशेष मन्तव्य राख्दै संस्था स्थापनाको उदेश्य र रणनीतिको बारे स्पष्ट पारेका थिए ।

कार्यक्रमको दोस्रोचरणमा कवि अमर वानिया लोहोरो (सिक्किम)को अनुवाद कविता कृति "जीवन चित्र"को लोकार्पण गरिएको थियो । बाङ्ला भाषामा अनुवाद गरिएको सो कृतिको समीक्षा उत्तर बंग विश्वविद्यालयका पूर्व कुलपति डा. तापस चटर्जी र साहित्यकार प्रा. कृष्णराज घतानीले गरेका थिए । सोही कार्यक्रममा कवि अमर वानिया लोहोरोलाई मायाको चिनोसहित विशेष सम्मान पनि गरिएको थियो । सो सम्मान कार्यक्रमका विशिस्ट अतिथि साहित्यकार राधेश्याम लेकालीले प्रदान गरेका थिए । कृतिको अनुवाद कवि जय चौधरीले गरेका थिए ।

लोकार्पणपछि कवि लोहोरोले आफ्नो सिर्जना यात्राबारे विशेष मन्तव्य राख्दै कृति प्रकाशनमा संलग्न व्यक्तित्वहरूमा आभार प्रकट गरेका थिए । पत्रकार समित्र कोण्डुले धन्यवाद ज्ञापन गर्दै कविहरू डा. वन्दना गुप्ता, ललिता जोशी क्षेत्री, लीला छेत्री, गौरी चौधरी, पल्लवी पल, शिखा राय लगायका कविहरूले कविता वाचन गरेका थिए । सोही कार्यक्रममा नेपाली, हिन्दी, बाङ्लाका नृत्य र गीतहरू प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा वरिष्ठ साहित्यकारहरू युवराज काफ्ले, आशा मुखिया (करसाङ्), शिवराज प्रधान, डा. टी बी छेत्री, लेखनाथ चापागाईं, डा. भिकी प्रसाद, देवेन्द्रनाथ शुक्ला, देवीभक्त श्रेष्ठ (झापा), मुक्ति उपाध्याय, साङ्वा लेप्चा, ललिता जोशी, उषा नन्दी गहतराज, दीपा कर, इन्द्रजीत कौर, शोभा चक्रवर्ती, लीला क्षेत्री, गौरी चौधरी, पल्लवी पल, सैकत दे लगायत सर्जक, पत्रकारहरूको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रमको सहजीकरण कवि देविका मगराती र नन्दिता भोमिकले गरेका थिए ।

साहित्यकार धरणीप्रसाद गौतमको अभिनन्दन तथा 'इलाम बोल्छ' कृति लोकार्पित

म्यूजिक खबर/काठमाडौं

इलाम विकास समाज, काठमाडौंले राजधानीमा आयोजना गरेको विशेष कार्यक्रममा साहित्यकार धरणीप्रसाद गौतमलाई अभिनन्दन गर्दै गौतमको सातौं कवितासङ्ग्रह "इलाम बोल्छ" को लोकार्पण गऱ्यो । सामाजिक विकास समाज, अनामनगर, काठमाडौंको सभाकक्षमा आयोजना गरिएको सो कार्यक्रमका प्रमुख अतिथि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्व अध्यक्ष वरिष्ठ साहित्यकार मोहन सिटौलाले साहित्यकार गौतमलाई अभिनन्दन प्रदान गर्दै "इलाम बोल्छ" कवितासङ्ग्रहको लोकार्पण गरे ।

इलाम विकास समाज, काठमाडौंका अध्यक्ष साहित्यकार राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा कार्यक्रमका विशेष अतिथिहरू नेपाल सरकारका पूर्व सचिव खेमराज नेपाल, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष विष्णु निष्ठुरी र समाज कल्याण परिषदका पूर्व कोषाध्यक्ष लोकनाथ सुवेदीले शुभकामना मन्तव्य राख्दै "इलाम बोल्छ" कवितासङ्ग्रहले इलाम चिनाउन मद्दत पुग्ने विचार राखेका थिए । साहित्यकार गौतमले शैक्षिक, साहित्यिक र सामाजिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानबारे चर्चा गरेका थिए ।

कार्यक्रममा समालोचक - डा. फणीन्द्रराज निरौलाले लोकार्पित कृति "इलाम बोल्छ"बारे समीक्षा गरेका थिए । समालोचक डा. रमेश शुभेच्छुकले कार्यक्रमको सहजीकरण तथा साहित्यकार गौतमको व्यक्तित्वबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि मोहन सिटौला, अध्यक्ष राधेश्याम लेकाली, अभिनन्दित साहित्यकार धरणीप्रसाद गौतमले आआफ्नो मन्तव्य राखेका थिए । सो कार्यक्रममा कविहरू प्रज्ञा गौतम, निष्ठा निरौला र बैजन्ती पोखरेलले लोकार्पित कृतिबाट कविता वाचन गरेका थिए ।

प्रमुख अतिथि मोहन सिटौला र कवि मित्र गौतमलाई विशेष सम्मान गरिएको सो कार्यक्रममा दशैं, तिहार, छट पर्वको शुभकामना आदानप्रदान पनि गरिएको थियो । कार्यक्रममा अविरल झरीका वावजुद साहित्यकार र इलामेहरूको बाक्लो उपस्थिति रहेको थियो ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधानलाई सम्पदा सम्मान तथा संस्कृतिविद खत्रीको 'साना निबन्ध'

म्यूजिक खबर/काठमाडौं

नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा नेपालका प्राज्ञिक क्षेत्रका स्तम्भ संस्कृतिविद् प्रा.डा. प्रेम खत्री को कृति 'साना निबन्ध' को विमोचन गरियो । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले उक्त कृतिलाई पहिलोपटक सार्वजनिक गरेका हुन् । किताबको प्रकाशकमा प्रा. पुन्य खत्री तथा सिद्धार्थ पब्लिक एकेडेमी का प्रधानाध्यापक अन्जु थापा छन् । सोही समारोहबीच लामो समय देखि लेखन तथा अनुसन्धान दाताको रूपमा राष्ट्रसेवामा अर्पित महेशचन्द्र प्रधानलाई सम्पदा सम्मान समेत प्रदान गरियो । सम्पदा अनुसन्धान सदनका अध्यक्ष समेत रहेका प्रा.डा. प्रेम खत्रीले २५ हजार रूपैयाँ राशि समेत रहेको उक्त सम्मानवाट महेश चन्द्र प्रधानलाई सम्मानित गरेका हुन् । सदनको वार्षिक साधारण सभासमेत सोही समारोबीच सम्पन्न गरिएको थियो भने अन्जु केसीले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

प्रज्ञा प्रतिष्ठानका कुलपति कार्यक्रमका प्रमुख अतिथि रहेको कार्यक्रममा नेपालको संस्कृति एवं सम्पदा जगेर्नामा गर्न सकिने योगदान तथा उपलब्धिको विषयमा कार्यक्रममा छलफल भएको थियो । कुलपति भुपाल राईले प्रा.डा. प्रेम कुमार खत्रीले नेपालको संस्कृतिमा पुऱ्याउनु भएको योगदान, उहाँको शोध तथा अनुसन्धान, प्रज्ञा प्रतिष्ठानकै सहकार्यमा छापिएका उहाँका ठूला कृतिहरू आदिको समेत

चर्चा गरेका थिए । सम्पदा अनुसन्धान सदनका उपाध्यक्ष प्र.डा. भवेश्वर पङ्गेनीले नेपालको संस्कृति लिखतमा भन्दा पनि धेरै यहाँका व्यक्ति अरूको अभ्यासमा रहेको र त्यस्ता व्यक्तिको भौतिक उपस्थिति गुम्न जाँदा सिंगो अध्याय नै समाप्त हुने हुँदा यसलाई लिपिबद्ध गर्न अत्यन्तै जरूरी भएको बताए । त्यस्तै ८१ वर्ष पुग्न लाग्दा समेत योगदानको क्रमलाई जारी राख्दै आफ्ना निजी बासस्थानलाई समेत सार्वजनिकरण गर्दै सम्पदा अनुसन्धान सदनको स्थापना गर्दै पुस्तकालय एवं विद्यार्थी तथा शोधकर्ताहरूका लागि निशुल्क बासस्थानको स्थापना गरेकोमा प्रा.डा. खत्रीको प्रशंसा गरे ।

यसै क्रममा त्रिभुवन विश्वविद्यालय संस्कृति विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. वीणा पौड्यालले नेपालको संस्कृति एवं अध्ययनमा अतुलनीय योगदान दिनुभएका प्र.डा. प्रेम कुमार खत्री शताब्दी पुरूष सत्यमोहन जोशी पछिकै महत्वपूर्ण व्यक्तित्व रहेको बताउँदै उहाँलाई सो स्तरकै सम्मान दिलाउनुपर्नेमा समेत जोड दिए । नेपालका प्राज्ञिक क्षेत्रका विभिन्न प्रतिष्ठित पदमा समेत बसी योगदान दिएका प्रा.डा. खत्रीले आफ्नो जीवनको ६० वर्षभन्दा लामो समय शिक्षण सेवामा अर्पण गरेका छन् भने उनको अनगिन्ती प्रकाशित उत्कृष्ट कृतिहरूवाट विद्यार्थी, सोधार्थी तथा संस्कृत विषय तथा नेपालको संस्कृति र सम्पदामा चासो राख्ने व्यक्तित्वहरूले फाइदा लिइरहेका छन् । हाल नेपालको प्राज्ञिक क्षेत्रमा देखिएको विचलनलाई सन्तुलनमा ल्याउन प्रा. डा. प्रेम खत्री अग्रपंक्तिमा रही महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

'गुञ्जन' २६ औं वार्षिकोत्सवमा स्रष्टाहरू सम्मानित

नारी साहित्य संस्था "गुञ्जन" हिजो असोज ३ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा स्थापनाको २६ औं बार्षिकोत्सव मनाएको छ । गुन्जनकी अध्यक्ष साहित्यकार जलेश्वरी श्रेष्ठको सभापतिमा सम्पन्न सो कार्यक्रममा "गुञ्जन त्रिवेणी आख्यान पुरस्कार सम्मान"बाट वरिष्ठ आख्यानकार राजेन्द्र विमल सम्मानित हुनुभएको छ ।

यसैगरी "गुञ्जन नारी साहित्य प्रतिभा पुरस्कर सम्मान" बाट साहित्यकार उमा सुवेदी सम्मानित हुनुभएको छ । "गुञ्जन साहित्य पुरस्कार सम्मान"बाट साहित्यकार राधेश्याम लेकाली सम्मानित हुनुभएको छ भने "गुञ्जन मातृभाषा पुरस्कार सम्मान"बाट अपर्णा प्रधान सम्मानित हुनुभएको छ ।

यसैगरी "गुञ्जन लक्ष्मीराज भण्डारी बाल पुरस्कार"बाट श्रीयंका बस्नेत र "गुञ्जन जेष्ठ नागरिक पुरस्कार सम्मान"बाट साहित्यकार हिरण्यकुमारी पाठक सम्मानित हुनुभएको छ ।

"गुञ्जन उन्नती गीतकार पुरस्कार सम्मान"बाट गीतकार शीला पन्त र साहित्यक सहकार्यमा कार्यक्रम गरेका दुई संस्थाका प्रमुख मचान कन्ट्री भिल्ला चितवनका प्रकाश श्रेष्ठ र किरण श्रैष्ठलाई र भिम विराग संगीतका अध्यक्ष केशवलाल श्रेष्ठलाई गुञ्जन सम्मान प्रदान गरिएको थियो । सो पुरस्कार कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राई, अध्यक्ष जलेश्वरी श्रेष्ठले प्रदान गर्नु भएको थियो । कार्यक्रममा बालकलाकार श्रीयंकाको आर्कर्षक नृत्य प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा संस्थाकी सचिव साहित्यकार सन्ध्या पहाडीले पुरस्कृत र सम्मानित स्रष्टाहरूको परिचय राख्नु भएको थियो भने साहित्यकार सिर्जना शर्माले स्वागत र इल्या भट्टराईको धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रमको सहजीकरण महासचिव सुष्मिता नेपालले गर्नु भएको थियो ।

गायक बन्ने कि संगीतकार

टेन्सन भयो ?
नआत्तिनुस् !
संगीत सिक्नुस् !

अब स्पेशल कोर्षमा
रू. २०००।
छुट

ग्यारेन्टीका साथ सिकाउने ठाउँ

यहाँ गायन, वाद्यवादन (गीतार, हारमोनियम, तबल, पियानो, भायोलिन, मादल र सारङ्गी लगायतका विधाहरु) सिकाइनुका साथै गीत संगीत सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ ।

"संगीत सिकौं स्वस्थ र समृद्ध बनौं"

श्रुति संगीत विद्यालय

अनामनगर (सामाजिक विकास भवन अगाडि) सम्पर्क: ९८५१००८५४५, ९८४१५६६५५८

स्रष्टा र सिर्जना

श्रमको कविता खोज्दै जाँदा

– नवराज लम्साल

आज एक जना कवि
कविता खोज्न हिँडे,
उनलाई श्रमिकको कविता लेख्नुछ !
बाटामा भेटिए –
दुई बोरा चामल बोकेर आइरहेका भरिया दाइ
कविलाई लाग्यो, भरियाकै कविता लेखूँ
तर कविको प्रश्न पूरा हुँदा नहुँदै भरिया दाइले भने
म अक्षर चिन्दिनँ बाबु
सोरठी नाचेर आएको हुँ गाउँमा
दोहोरी गाउन सक्छु
जिन्दगीको कविता लेख्न
तिमी पनि एकपल्ट भारी बोकेर हेर !
साग बेचिरहेकी बूढी आमाकहाँ पुगे कवि
आमाले भनिन् :
म मान्छेको जिन्दगी बुझ्दिनँ बाबु
मलाई सागको जिन्दगी थाहा छ, काउली हाँसेको थाहा छ
किन वैलिन्छ फूल थाहा छ, किन धमिलिन्छ पानी थाहा छ
म जान्दिनँ योजनाको परिभाषा
जिन्दगी जान्न यो सडक सफा गरेर हेर !
उद्योगहरूमा पुगे कवि
मेशिन चलिरहेथ्यो
प्रशोधन हुँदैथियो उत्पादित वस्तुको
प्याकेट बन्दैथिए, स्टिकर टार्सिँदैथिए
सयौँको सत्त्यामा थिए मजदुर
तर कोही बोलेनन् !
ढोका बोल्यो :
पाले दाइको हातको बाक्लो डाम छ मेरो छातीमा
मलाई पढ !
भित्ताले भन्यो :
धेरैको पसिनाले लत्पतिएको छु म
यी सबै भोकै छन्
अलिकति भोकको कविता लेख
अलिकति भातको कविता लेख !
अलिकति खुलेको झ्यालले भन्यो :
यो बन्द संसारमा मुक्ति थुनिएको छ
मजदुरले देखेनन् कुनै मुक्त आकाश
जाऊ मुक्तिका अक्षरमा श्रमको सुकिलो सपना लेख !
काटिएर मेशिन मुनि परेको
कुनै मजदुरको आँलाले भन्यो :
म मेशिन म्यानले उसको छोरालाई टीका लगाइदिने बूढी आँला हुँ
जाऊ त्यो बालकको निधार मुसारेर आऊ !
प्याकेट प्याकेटमा आँला खेलाइरहेका थिए
श्रमिक महिलाहरू
कोही बोल्न तयार भएनन्
नजिकै माटोमा गाडिएको भ्रूण उठ्यो र भन्यो :
म बलात् फालिएको भ्रूण हुँ
जाऊ मानवअधिकारको घोषणापत्र पढेर आऊ !
यसरी भ्रूण फाल्ने आमा रोइरहेकी छिन्
जाऊ आँसुको कविता लेख !
ट्रेड युनियनको जुलुस थियो बाहिर
र नारा थियो :
खान पुग्ने ज्याला दे
समयमै भुक्तान गर !
अघिअघि नारा लगाउनेको नजिकै पुगे कवि
आवाज अक्षर भएर देखियो
र भन्यो :
कवि यसरी जुलुसमा नआऊ, साहूलाई भेट !
साहूले भने :
मलाई नभेट, ठूला दललाई भेट !
दलदलका मजदुर फाँटलाई भेट !
दलका दरिला मुखियालाई भेट !
.....
कवि फर्किए र भने :
भरिया दाइ
पसिनाको दोहोरी गाऊ
म त्यसैमा जिन्दगी पढ्छु !
आमा मलाई काउलीको विरूवा देऊ
माटो कुल्चेर उठेको
मुस्कानको कविता लेख्छु !
ए उद्योगका श्रमिकहरू हो
पर्ख, एकछिन मेशिन रोक
उत्पादन रोकिएपछि
तिम्रो जिन्दगीको कविता लेख्छु
ज्यालाको कविता लेख्छु !
बजारमा हल्ला चल्यो
भव्य कविता आउँदै छ कविजीको !
एकदिन साहूले बोलाए कविलाई र भने :
कविजी हामीले मजदुर बेच्यौं
राजनीतिले हामीलाई बेच्यो
हामी श्रमिकको मालिक बन्यौं
र हामीले अमुकलाई मालिक थापेर
श्रमिकको रगत खाएकै हौं
कति पैसा लाग्छ ?
मलाई पनि एउटा सुकिलो किताब लेख्नु छ कविजी !
कवि फर्किए, कविता लेख्न भनेर फर्किए
तर अचम्म
कविको झोलामा श्रमिकको कविता होइन
दलको घोषणापत्र रहेछ !
र श्रमिकको महत्वमाथि
साहूले लेखेको भव्य किताब रहेछ !

नेपाली सङ्गीतका सशक्त योद्धा सङ्गीतकार अशोक कुमार राई

■ सुमन पण्डित/म्यूजिकखबर

अशोक कुमार राई, सिद्धहस्त संगीतकार, संगीत संयोजक एवं गायक हुन् । आधुनिक तथा पूर्वेली लोकभाकालाई प्राथमिकतामा राखेर सांगीतिक क्षेत्रमा अभ्यस्त रहेका संगीतकार हुन् । त्यसो त उनी गिटार, किवोर्ड हारमोर्नियम जस्ता बाजाहरु पनि बजाउने काम गर्दै आएका छन् । गीत रेकर्डिङका हिसाबले २०४७ सालदेखि निरन्तर सक्रिय रहँदै आएका अशोक राईले संगीतमै जीवन समर्पण गरिसकेका छन् । उनको संगीत सिर्जनामा करिब १ हजारभन्दा माथि गीत रेकर्ड भइसकेका छन् भने उहाँको संगीत संयोजनमा रहेका ४ हजार भन्दा माथि गीत रेकर्ड गरिएका छन् । २०५३ सालदेखि संगीत संयोजकको रुपमा सक्रिय रहँदै आएका उनले ३ सय भन्दा बढी स्टेज प्रस्तुति दिइसकेका छन् ।

हाङपाङ -७ ताप्लेजुङमा बुबा गणेश कुमार राई र माता विद्यादेवी राईको कोखबाट २०२७ सालमा जन्मिनुभएएका संगीतकार राइले ललितकला क्याम्पसबाट संगीतको शिक्षा लिएका हुन् । संगीतमा पारङ्गङ्ग भइसकेपछि आफूले सिकेका संगीतको सीप अरुलाई पनि सिकाउँदै आएका उनले जीवनमा संघर्षको पाठ राम्रोसँग सिकेका छन् । निरन्तर संगीतमा सक्रिय रहँदै आएका उनले जीवनको आरोह अवरोहमा पनि संगीतभन्दा अरु सोचेका छैनन् । संगीतबाट नै जीवनलाई सफल मोडमा लैजान सकिन्छ, नाम र दाम संगीतभित्र नै छ भन्ने महसुस उनले गरिसकेका छन् ।

समाज परिवर्तनका लागि संगीत मूल नारा लिएर स्थापना भएको 'अन्तरा सांगीतिक समूह'को संस्थापक समेत हुन् । अन्तरा समूहबाट उनले विभिन्न ठाउँमा कन्सर्ट गर्दै आएका छन् । त्यस्तै संगीत संयोजकको भूमिकामा विभिन्न एकल साँझ, कन्सर्टहरु गर्दै आएका छन् । गीतसंगीतको क्षेत्रबाट जिम्मेवारी बहन गर्दै गायक तथा संगीतकार अशोक कुमार राईले विभिन्न १५ वटा संघसंस्थामा आफ्नो नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका छन् । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको २०७१ मा प्राज्ञसभा सदस्य हुँदै भने २०७५ मा प्राज्ञ परिषद सदस्य एवं संगीत विभाग प्रमुख भएर देशभित्रका विभिन्न जिल्लाहरुमा पुगेर मौलिक बाजा र कला संस्कृतिको अध्ययन, अनुसन्धान र अवलोकन गरी संग्रहित एवं संरक्षण गर्ने काममा गरेको अनुभव उनीसँग छ । संगीत विभाग प्रमुख हुँदाका बखत उनले गण्डकी, कोशी, सुदूरपश्चिम क्षेत्रका मौलिक कला संस्कृतिको खोज, अनुसन्धान गरी प्रज्ञा प्रतिष्ठानमा अर्काइभ गर्न सफल भएका छन् । प्रज्ञा प्रतिष्ठानको उनको कार्यकाल सफल र प्रसंसायोग्य बनेको छ । उनको पहलमा भएको 'नेपाली आधुनिक संगीतमा १०० वर्ष' एउटा ऐतिहासिक कार्यक्रमका रुपमा गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको थियो । त्यस्तै गण्डकी प्रदेशभित्रका वाद्यवादकहरुको प्रस्तुति 'गण्डकीका धूनहरु' पनि एउटा सफल कार्यक्रमको रुपमा लिइएको थियो ।

त्यसैगरी धनगढीमा सम्पन्न भएको 'सातै प्रदेश स्तरीय संगीत महोत्सव २०७६' नेपाली संगीतको लागि र प्रज्ञा प्रतिष्ठान गठन भइसकेपछि उल्लेख्य कामका रुपमा लिइएको कार्यक्रम थियो । प्रदेश नं १ मा भएको बहुभाषिक संगीत उत्सव, सांस्कृतिक संस्थानको सहकार्यमा भएको सारङ्गीमा देश जस्ता महत्वपूर्ण कार्यहरु उनको नेतृत्वमा सम्पन्न भएका कामहरु हुन् । त्यस्तै प्रज्ञा प्रतिष्ठानको प्रकाशनमा बजारमा आएको संगीत सम्बन्धी पाठ्यक्रम तयार भएको छ । जसको नेतृत्वमा अशोक राईले गरेका थिए । लोकबाजासम्बन्धी अहिलेसम्म कुनै आधिकारिक पाठ्यसामग्री तयार हुन सकेका थिएनन् । अब भने यस्तो पाठ्यसामग्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले मौलिक बाजासम्बन्धी यस्तो पाठ्य पुस्तक तयार पार्न सफल भएको थियो ।

नेपालमा परम्परागत मौलिक लोकबाजाप्रति युवापुस्ताको अभिरुचि बढिरहेको तर यससम्बन्धी सैद्धान्तिक, परिचायत्मक र व्यावहारिक ज्ञान दिने आधिकारिक पाठ्य सामग्रीको प्रकाशन भएको छ । जसमा "टुङ्ना, सारङ्गी, सहनाई, खैजँडी, मादल, च्याब्रुङ, डम्फु, ढोल, मुरली, बाँसुरी, मुर्चुङ, बिनायोजस्ता मौलिक र परम्परागत नेपाली लोकबाजाहरूसम्बन्धी सरल किसिमले सैद्धान्तिक, परिचायक र व्यावहारिक ज्ञानलाई समावेश गरिएको छ। सो पाठ्य पुस्तक विद्यालयका आधारभूत तहदेखि उच्च माध्यमिक तहसम्मका विद्यार्थीका साथै बाजाका आम प्रयोक्ताका लागि लक्षित रहेको संगीतकार राईले बताए । पुस्तकले नेपालमा लोकबाजाका दक्ष वाद्यवादक उत्पादन गर्न, लोकबाजाहरूको आर्केष्टा तयार पार्न र देशमा रोजगारी सिर्जना गर्नमा समेत टेवा पुऱ्याउने उनको भनाइ छ ।

संगीतकार अशोक कुमार राई संगीतको अभिलेखीकरणमा एउटा सशक्त योद्धा हुन् । राजनीतिक नियुक्तिबाट नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा नेतृत्व गर्न गएकाहरु जाने र आउने समय बिताउने मात्र हुन् भन्ने आरोप लागिरहेका बेला त्यहाँ गएर काम गर्न सकिन्छ भन्ने उदाहरण बनेका थिए अशोक । तर उनी कहिल्यै आफूले काम गरेका भन्न चाहेनन् अरु उल्टै निःशुल्क रुपमा नेपाली मौलिक बाजा र संगीतको विषयमा अध्ययन अनुसन्धान गर्न पाएको बताए । प्रतिष्ठानले दिएको जिम्मेवारीमा आफूले त्यो मौका पाएको बताउँदै अभिलेखीकरणको कार्यमा आफूलाई समर्पित गरेको बताए ।

संगीतकार राईले २०८१ सालको संविधान दिवस 'नेशनल डे'को अवसरमा नेशनल डे कन्सर्ट गर्ने जिम्मेवारी पाए र सफलतापूर्व सम्पन्न पनि पारे । संविधान दिवस घोषणा भएपछि अहिलेसम्मकै पहिलो र बृहत कार्यक्रमका रुपमा सम्पन्न भएको कार्यक्रम थियो । नेपाल सरकारले दिएको जिम्मेवारी पूरा गर्न पाएकोमा आफूले सोचेको नेशनल कन्सर्टको सपना पनि पूरा भएको बताउँछन् । उनी राष्ट्रिय जनसांस्कृतिक महासंघका महासचिव हुन् । मदन भण्डारी कला साहित्य प्रतिष्ठानको सचिवालय सदस्य समेत रहेर राजनीतिक पृष्ठभूमिबाट जिम्मेवारी निभाउँदै आएका पनि छन् ।

गायक तथा संगीतकार राईको संगीतमा १७ वटा एल्बम प्रकाशित भएका छन् । जसमा बतासेको धुम्तीमा (२०५५), मन पो दुख्योकी (पुर्वेली लोक गीत संग्रह २०५५), रहर (२०५६), यात्रा आरम्भ (२०६०), आयाम (२०६२), देउसी भैलो गीत (२०६४), यो जिन्दगी (२०६५), परिवर्तनका स्वरहरु (२०६५), आमा (२०६८), अनौठो यात्रा

(२०६८), समानताका स्वरहरु (२०६८), साम्लो (लिम्बुभाषामा, २०६८), अलिखित हस्ताक्षर (२०७०), देउसी भैलो गीत (२०७१), पाथीभरा माता भजन (२०७१), भूकम्प पछि जनजागरण गीतहरु (२०७२), सेवारो (लिम्बु भाषा) २०७५ लगायत रहेका छन् । त्यस्तै ९ वटा चलचित्रमा उहाँले संगीत भर्नुभएको छ । जसमा मासेमी (लिम्बु भाषामा, २०५५), शस्त्र (२०६२), छिमेकी (२०६४), चेसुङ (२०६५), जवाफ (२०६५), पल्टन (२०६८), केसाङला (लिम्बु भाषामा) (२०७५), सुगुप (२०७८), लोजिमा रहेका छन् । आफूले सिकेको शिक्षालाई अरुलाई पनि प्रशिक्षित गराउँदै आएका छन् । उनले आधा दर्जनभन्दा बढी संस्थाहरुमा संलग्न रहेर संगीत शिक्षणको काम पनि गर्दै आएका छन् । नवज्योती वोर्डिङ स्कुल, ताप्लेजुङ (२०४४)बाट संगीत शिक्षणको काम सुरु गरेका थिए । त्यसपछि निरन्तर रोजवर्ड वोर्डिङ स्कुल, घट्टेकुलो (२०४९), बालसेवा माध्यमिक विद्यालय (२०५०), काडमाडौं इन्टरनेशनल वोर्डिङ स्कुल, मित्रपार्क (२०५०), भानुभक्त मेमोरियल, पानीपोखरी (२०५१), कमल नेत्र छुनामुना वोर्डिङ स्कुल, भिमसेन गोला (२०५१) संगीत शिक्षण गरेका छन् । त्यसपछि आफ्नै सक्रियतामा क्रियटिभ डिजिटल रेकर्डिङ स्टुडियो, बानेश्वर (२०५३-२०६३) संचालन गरेका थिए ।

त्यसैगरी गीति नाटक संगीत निर्देशन तथा संयोजन गरेका गीति नाटक 'आशा': (२०६०) लेखक, शंकर देवकोटा, गीति नाटक 'अम्लारीफुङ': -लिम्बु भाषामा, २०६३) लेखक, यासेली योङहाङ, गीति नाटक 'नेपाल गाथा': (२०७१) लेखक, प्रदीप ज्ञवाली रहेका छन् । उनले संगीत कन्डक्टर भएर विभिन्न एक दर्जन एकल साँझहरु सम्पन्न भइसकेका छन् । गीतसंगीत क्षेत्रमा लागेर एक दर्जनभन्दा बढी पुरस्कार, सम्मान र अवार्डहरु प्राप्त गरिसकेका छन् ।

म्यूजिक खबर पाक्षिक पत्रिकाको ८ औं वर्ष पार गरी ९ औं वर्ष प्रवेश गरेको शुभअवसरमा
समस्त विज्ञापन दाता, पाठकवर्ग, ग्राहकवर्ग, स्तम्भकार, समाचारदाता लगायत
यस पत्रिकाका शुभचिन्तकहरुमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादकः सुमन बैरागी (९८५१००७४३०), निर्देशकः मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालयः कपुरधारा, काठमाडौं । फोनः ०१-४०१०५४५ इमेलः musickhabar .com@gmail .com, musickhabarnews@gmail .com, मुद्रणः लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं